# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २५१ | काठमाडौं | बुधबार, २७ पुस २०७९ | Prabhab National Daily | Wednesday, January 11, 2023 | www.prabhabonline.com | पृष्ठ १२ | मूल्य रू. ५।-





# एकता
# उत्कृष्टताको लागि

कुल सम्पत्ति
रु. ४७१ अर्ब+

कुल पूँजी
रु. ५८ अर्ब+

कुल निक्षेप
रु. ३६० अर्ब+

कुल कर्जा
रु. ३१९ अर्ब+

शाखा सञ्जाल
१९६ वटा

एक्सटेन्सन काउन्टर
५९ वटा

ए.टी.एम.
१७९ वटा

ग्राहक संख्या
३० लाख

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

समृद्धिको पथमा सँगै अघि बढ्दै

# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २५१ | काठमाडौं | बुधबार, २७ पुस २०७९ | Prabhab National Daily | Wednesday, January 11, 2023 | www.prabhabonline.com | पृष्ठ १२ | मूल्य रू. ५।–



**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं, फोन नं. ४२५५४६४, हटलाइन १११६,
website: www.ssf.gov.np, email: info@ssf.gov.np

के तपाइँ सामाजिक सुरक्षा कोषको नियमित योगदानकर्ता हो ? हैन भने तपाइँको रोजगारदातालाई जवाफदेही बनाउन प्रश्न सोध्नुहोसः

✓ म बिमारी हुँदा उपचार तथा अन्य खर्चको ब्यवस्था कसले गर्छ ?
✓ मेरो बालबच्चाको जन्ममा अभिभावकत्व निर्वहनमा आर्थिक सहयोग कस्को रहन्छ ?
✓ कुनै दुर्घटनामा परेँ भने ?
✓ अशक्त वा अपाङ्गतामा पुगेँ भने ?
✓ कुनै कारणले मेरो मृत्यु भयो भने ?
✓ रोजगारीको अन्त्य भो भने ?
✓ मेरो बुढेसकालमा ?

यी र यस्तै अन्य अवस्थामा स्वास्थ्य र सुरक्षा कस्ले दिने, आर्थिक अभाव कस्ले टारि दिने ? जवाफ खोज्नुहोस । हरेक प्रश्नको जवाफ तपाइँको रोजगारदाताले दिन नसके सामाजिक सुरक्षा कोष रोज्नुहोस।

सहभागिता – सह योगदान – र सुविधा
सामाजिक सुरक्षा कोष न हो विकल्प, छैन दुविधा ।।


### प्रतिपक्षविहीन बन्यो संसद्

# प्रधानमन्त्रीलाई अभूतपूर्व विश्वास



- प्रतिनिधिसभामा उपस्थित २७० मध्ये २६८ सांसदले दिए विश्वासको मत
- जनमोर्चाका चित्रबहादुर केसी र नेमकिपाका प्रेम सुवाल विपक्षमा
- कांग्रेसका सांसदहरु मनोरमा शेरचन, किशोरसिंह राठोर र अम्बिका बस्नेत अनुपस्थित
- प्रधानमन्त्रीलाई विश्वासको मत दिएर कांग्रेसको सत्ता दाउपेच
- प्रधानमन्त्रीको दल विभाजन वा दिएको समर्थन कुनै दलले फिर्ता लिए ३० दिनभित्र फेरि विश्वास परीक्षण गर्नुपर्ने

## कसले के भने

विश्वासको मत लिन कांग्रेससँग कुनै सहमति भएको छैन : **प्रधानमन्त्री**

संविधान रक्षाका लागि विश्वासको मत दिने निर्णय : **देउवा**

प्रमुख प्रतिपक्ष दलको समर्थन ढोक्सा हो भने पूरा हुँदैन : **ओली**

हामीले चाहेको व्यक्ति नै प्रधानमन्त्री भएकोले समर्थन : **नेपाल**

संसद्मा प्रतिपक्ष नहुँदा सरकार निरंकुश बन्ने खतरा : **केसी**

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतिनिधिसभाबाट अभूतपूर्व विश्वास पाएका छन् । संविधानको धारा ७६ को उपधारा २ बमोजिम १० पुसमा प्रधानमन्त्री नियुक्त भएका दाहालले मंगलबार उपधारा ४ बमोजिम विश्वासको मत लिएका हुन् । २७५ सदस्यीय प्रतिनिधिसभामा प्रधानमन्त्री दाहाललाई २६८ सांसदले विश्वासको मत दिए । संसदीय राजनीतिक व्यवस्थामा प्रधानमन्त्रीलाई यस्तो उच्च विश्वास प्राप्त हुनु नेपालमा मात्रै होइन, संसदीय इतिहासमै निकै दुर्लभ राजनीतिक घटना हो ।

सात राजनीतिक दल र तीन स्वतन्त्र गरी १६९ सांसदको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका दाहालले मंगलबार विश्वासको मतको प्रस्तावमा १० राजनीतिक दल र तीन स्वतन्त्र सांसदको मत पाए । प्रमुख प्रतिपक्षी एवं संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले समेत अप्रत्यासितरूपमा विश्वासको मत दिँदा दाहाल इतिहासकै शक्तिशाली प्रधानमन्त्री बन्न पुगेका छन् ।

मंगलबारको प्रतिनिधिसभा बैठकमा २७० सांसद उपस्थित थिए । तीमध्ये राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले मात्रै विश्वासको मतको विपक्षमा मतदान गरे । त्यसबाहेक सबै २६८ सांसदले नै दाहाललाई विश्वासको मत दिएका हुन् ।

प्रतिनिधिसभामा ८९ सदस्य रहेको कांग्रेसका ८५ सांसदले विश्वासको मत दिए । मनाङबाट निर्वाचित टेकबहादुर गुरुङ निलम्बित छन् भने कांग्रेसका किशोरसिंह राठोर, मनोरमा शेरचन र अम्बिका बस्नेत बैठकमा अनुपस्थित (**बाँकी पृष्ठ ४ मा**)

## प्रतिपक्ष को ?

संसदीय प्रणालीमा प्रतिपक्षविहीनताको परिकल्पना गरिएको हुँदैन । कारण, सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकार स्वेच्छाचारी, अराजक वा अधिनायकवादी भए अंकुश लगाउन प्रतिपक्षी अनिवार्य हुन्छ । तर, कांग्रेसले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएर प्रतिपक्षीविहीताको अवस्था सिर्जना गरेको हो ।

संविधानविद् डा. भीमार्जुन आचार्य मंगलबारको दिनलाई नेपालको संसदीय इतिहासमा कालो दिन ठान्छन् । 'कांग्रेसले प्रतिपक्षीको मूल्य मान्यता नष्ट गरेको छ । संविधानको मर्म भनेको जवाफदेही सरकार हो । त्यसमा प्रतिपक्षीको अहम् भूमिका हुन्छ । संसदीय प्रणालीमा शक्तिशाली प्रतिपक्षीको परिकल्पना गरिएको हुन्छ,' उनले प्रभावसँग भने, 'तर, कांग्रेसले दुभार्ग्यपूर्ण कदम चाल्यो । जुन दिन संसदीय इतिहासमा कालो दिन हो ।'

प्रमुख विपक्षी दलको नेता संवैधानिक परिषद्को सदस्य हुने व्यवस्था छ । संवैधानिक निकायमा हुने नियुक्ति प्रक्रियामा सहभागिता अनिवार्य हुन्छ । प्रधानन्यायाधीशको नियुक्तिमा पनि (**बाँकी पृष्ठ ४ मा**)

## 'विश्वासको मतले थप चुनौती'

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारलाई विश्वासको मत दिने सन्दर्भमा नेपाली कांग्रेससँग कुनै पनि सहमति नभएको स्पष्ट पारेका छन् । प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गरेपछि संघीय संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै प्रधानमन्त्री दाहालले दलहरूसँग कुनै पनि सहमति नभएको स्पष्ट पारे ।

आफूले सोमबार सिंगो सदनको विश्वास पाउने बताएको स्मरण गर्दै प्रधानमन्त्रीले भने, 'मैले हिजो पनि सिंगो सदनको विश्वासको मत प्राप्त गर्छु भनेको थिए । त्यो अनुमानमा आधारित थियो तर, आज भने यथार्थतामा परिणत भयो । यसले मलाई ऊर्जा दिएको छ ।'

प्रधानमन्त्री दाहालले संसद्मा पाएको अपार समर्थनले गर्व र ठूलो चुनौती थपिएको महसुस गरेको पनि बताए । उनले भने, 'मैले जे प्रतिबद्धता जाहेर गरेको छु (**बाँकी पृष्ठ ४ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# मलेसियाले १५ देशका कामदारलाई तीन दिनभित्र स्वीकृति दिने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आप्रवासी कामदारहरूको अभाव चुलिँदै गएपछि मलेसिया सरकारले छिटोभन्दा छिटो आपूर्ति गर्ने रणनीति लिएको छ । १५ देशका आप्रवासी कामदारलाई आवेदन दिएको तीन दिनभित्र स्वीकृति दिने त्यहाँको गृह मन्त्रालयले जानकारी दिएको हो ।

मलेसियाको प्रतिष्ठित अनलाइन सञ्चारमाध्यम 'द स्टार'का अनुसार विदेशी कामदारको भर्ना आवेदन तीन दिनभित्र स्वीकृति दिन मन्त्रिपरिषद्ले सहमति दिएको गृहमन्त्री सैफुद्दिन नासुशन इस्माइलले बताएका छन् । उनका अनुसार 'विदेशी कामदार भर्नाको छुट योजना'अन्तर्गत रोजगारदाताहरूले वर्तमान आवश्यकता र योग्यताका आधारमा १५ देशका कामदारलाई नियुक्तिपूर्व सर्त र योग्यता कोटाहरू पार नगरी काम गर्न अनुमति दिइनेछ । 'मलेसियाको रोजगार ऐनको धारा ६० (के) अनुसार विशेष योजना लागू भएको छ,' उनले भनेका छन्, 'यस योजनामा रोजगारदाताहरूले न्यूनतम पारिश्रमिक भुक्तानीजस्ता आवश्यकताहरूको पालना गर्नुपर्छ ।'

रोजगारदाताहरूले कामदार स्वीकृतिका लागि आवेदन दिएको तीन दिनभित्र स्वीकृति पाउने उल्लेख गर्दै विदेशी श्रमिक लिने पक्रियालाई सजिलो बनाउने पक्रिया सुरु भएको समाचारमा जनाइएको छ। यसबाट विदेशी कामदारको अभावलाई कम गर्न धेरै मद्दत पुग्ने अपेक्षा गरिएको छ । हाल मलेसियामा नेपालसहित भारत, थाइल्याण्ड, कम्बोडिया, म्यानमार, लाओस, भियतनाम, फिलिपिन्स, पाकिस्तान,

> रोजगारदाताहरूले कामदार स्वीकृतिका लागि आवेदन दिएको तीन दिनभित्र स्वीकृति पाउने उल्लेख गर्दै विदेशी श्रमिक लिने पक्रियालाई सजिलो बनाउने पक्रिया सुरू भएको समाचारमा जनाइएको छ । यसबाट विदेशी कामदारको अभावलाई कम गर्न धेरै मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

श्रीलंका, बंगलादेश, तुर्कमेनिस्तान, उज्ज्वेकिस्तान, इण्डोनेसिया र काजाकिस्तान गरी १५ मुलुकबाट कामदार आपूर्ति भइरहेको बताइन्छ ।

यस्तै अर्को एक कार्यक्रममा गृहमन्त्री सैफुद्दीनले विदेशी कामदारहरूको वैधता दिनेगरी (वैधानिक कागजात नभएका) पुनः क्यालिब्रेसन कार्यक्रम यस वर्षको डिसेम्बरसम्म लम्बिने बताएका छन् । ३१ डिसेम्बरमा २०२२ मा सकिएको यस कार्यक्रमलाई बढाउन पनि मन्त्रिपरिषद्ले सहमति दिएको उनको भनाइ छ । यस कार्यक्रमले मलेसियामा कामदार उपलब्ध गराउन सहज हुने बताइएको छ । रिकलिब्रेसन कार्यक्रमले अघिल्लो वर्ष चार लाख १८ हजारभन्दा बढी विदेशी कामदार दर्ता गरेको त्यहाँको गृह मन्त्रालयले जनाएको द स्टारले उल्लेख गरेको छ ।

पुनः क्यालिब्रेसन कार्यक्रमअन्तर्गत रोजगारदाताहरूले वैधानिक कागजातविना विदेशी कामदारहरूलाई काममा राख्न सक्ने छन् । त्यसका लागि कामदारहरूलाई 'कानुनी' बनाउन रोजगारदाताले शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ । उचित कागजातविना नै रोजगारदाताहरूको सुविधाका लागि कामदार दिनेछौं,' सैफुद्दिनले भनेका छन्, 'अझै पनि रोजगारीमा रहेका कामदारहरूका लागि भिसालगायतका शुःल्क रोजगारदाताहरूले तिर्नुपर्छ र त्यसपछि हामी उनीहरूको काम गर्ने अनुमति विस्तार गर्नेछौं ।' उनले विदेशी कामदार भर्नाको पुनः क्यालिब्रेसन विस्तारलाई तुरुन्तै लागू गरिने र मलेसियामा विदेशी घरेलु कामदार वा कामदारलाई पनि समावेश गर्ने बताए । यसअघि पनि मलेसियामा निर्माण, उत्पादन, वृक्षरोपण, कृषि र सेवा जस्ता निश्चित क्षेत्रहरूमा रोजगारदाताहरूलाई कानुनीरूपमा विदेशी कामदारहरूलाई रोजगारी अनुमति दिन पुनः क्यालिब्रेसन कार्यक्रम लागू गरिएको थियो । त्यस्तै उक्त कार्यक्रमअन्तर्गत श्रम गर्न नचाहने दुई लाख ९५ हजार ४२५ जनालाई आवश्यक शुःल्क (जरिवाना) लिएर स्वदेश फर्काइएको त्यहाँको गृह मन्त्रालयले जनाएको छ ।

मलेसियाले सन् २०२४ सम्ममा १० लाख आप्रवासी कामदार भित्रचाउने लक्ष्य राखेको छ भने उनीहरूको न्यूनतम ज्यालादर र सुविधाजनक बासस्थानको व्यवस्था गर्न कडा निर्देशन जारी गरेको छ । कोरोना महामारीपश्चात् खुलेको मलेसियाको श्रमबजारमा न्यूनतम ज्यालादर वृद्धि भएर एक हजार ५०० रिंगेट पुगेसँगै विदेशी कामदारको आकर्षण बढेको जानकारहरूको भनाइ छ । वैदेशिक रोजगारीका लागि प्रमुख गन्तव्य मानिएको मलेसियामा नेपालबाट मात्रै चालु आर्थिक वर्षको पाँच महिनाको अवधिमा डेढ लाखको हाराहारीमा कामदार पुगेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । हाल मलेसियाले कामदार मात्र नभई घरेलु कामदारको पनि माग गरिरहेको विभागले जनाएको छ । यद्यपि, नेपालको कानुनअनुसार घरेलु कामदार पठाउन बन्देज भए पनि यस वर्ष ठूलो संख्यामा नेपाली कामदारहरू रोजगारीका लागि मलेसिया पुग्ने अनुमान गरिएको छ ।



# सिट संख्या निर्धारण गरेर भर्ना प्रक्रिया अगाडि बढाउन निर्देशन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चिकित्सा शिक्षा अयोगले चिकित्सा शिक्षातर्फ प्रवीणता प्रमाणपत्र तहमा सिट संख्या निर्धारण गरेर मात्र भर्ना प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै कलेजलाई निर्देशन दिएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत चिकित्सा शिक्षातर्फका प्रवीणता प्रमाणपत्र तह वा सो सरहका कक्षा सञ्चालन गरिरहेका कलेजलाई आयोगको अनुमतिविना भर्ना प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको हो ।

आयोगका सदस्यसचिव डा. भोजराज शर्मा काफ्लेले केही कलेजले आयोगले कार्यक्रमगत रूपमा सिट निर्धारण नगरी भर्ना प्रक्रिया अगाडि नबढाउन निर्देशन दिएको बताए । आयोगले कुनै पनि शैक्षिक संस्थाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा १७ अनुसार यस आयोगबाट कार्यक्रमगत रूपमा सिट निर्धारण भएका शैक्षिक संस्थाका लागि मात्र उक्त ऐनको दफा १६ (५) को (ग) अनुसार आयोगको समन्वय परिषद्ले प्रवेश परीक्षा लिई सोको योग्यताक्रममा रहेका उम्मेदवारलाई मात्र भर्ना गर्नुपर्ने जनाएको छ ।

'चिकित्सा शिक्षातर्फ प्रवीणता प्रमाणपत्र तह वा सो सरहका कार्यक्रमको आयोगबाट संस्थागत कार्यक्रमगत रूपमा सिट निर्धारण नभई विद्यार्थी भर्ना प्रक्रिया अगाडि बढाएको जानकारी प्राप्त भएको छ,' उनले भने, 'रित नपुऱ्याई संस्था तथा कार्यक्रममा विद्यार्थी भर्ना प्रक्रिया अगाडि बढाएमा वा विद्यार्थी भर्ना गरेमा त्यस्ता विद्यार्थीलाई आयोगले मान्यता नदिने र सम्बन्धित संस्थासमेत दर्ता गरिने छैन ।' उनले आयोगबाट सिट संख्या निर्धारण भएका शिक्षण संस्था तथा कार्यक्रम यकिन गरेर मात्र भर्ना गराउन कलेजलाई आग्रह गरिएको बताए ।

एसिडपीडितको निःशुल्क उपचार

सरकारले एसिड आक्रमणमा परेका पीडितलाई निःशुल्क उपचारको व्यवस्था गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले सरकारले एसिड आक्रमणमा परेकालाई चार अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था गरिएको बताए ।

उनका अनुसार त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, वीर अस्पताल, पाटन अस्पताल (पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान) र कीर्तिपुर अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था गरिएको छ । उनले देशका कुनै पनि स्वास्थ्य संस्थाबाट पीडितका लागि निःशुल्क आकस्मिक उपचारको व्यवस्था गरिएको बताए । 'एसिड आक्रमणमा परेका पीडितको उपचारसम्बन्धी कार्यविधि २०७८' अनुसार सरकारले एसिड पीडितलाई निःशुल्क उपचारको व्यवस्था गरेको हो ।

## सैनिकलाई 'प्रकृति संरक्षण पदक' प्रदान

**काठमाडौं (प्रस)–** नेपाली सेनाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा महत्त्वपूर्ण योगदान पुऱ्याएका सेनाका रथी, अधिकृत, पदिकलगायत सकलदर्जालाई प्रकृति संरक्षण पदक प्रदान गरेको छ । सैनिक मुख्यालय जंगी अड्डामा मंगलबार आयोजित विशेष समारोहबीच प्रधानसेनापति प्रभुराम शर्माले उनीहरूलाई उक्त पदक प्रदान गरेका हुन् ।

प्रकृति संरक्षणमा पुऱ्याएको योगदानको कदरस्वरूप २०७५ जेठ १३ गतेदेखि नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम संरक्षित क्षेत्रमा रही एक वर्ष योगदान दिएका सकलदर्जालाई प्रकृति संरक्षण पदक प्रदान गरिँदै आएको छ । हालसम्म १६ हजार १३६ जनाले उक्त पदक प्राप्त गरिसकेका छन् ।

यस वर्ष गत असोज ३ गते संविधान दिवसको अवसरमा दुई हजार ८८७ जनालाई पदक प्रदान गर्ने घोषणा भएकामा मंगलबार प्रधानसेनापति शर्माले जंगी अड्डामा कार्यरत एक रथि, १२ अधिकृत र दुई पदिकलाई प्रकृति संरक्षण पदक प्रदान गरेका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

मौसमी प्रतिकूलता, भौगोलिक विकटता र चोरी सिकारीजस्ता चुनौतीकाबीच प्रकृति संरक्षण कार्यमा तैनाथ रहँदा हालसम्म ११६ जनाले वीरगति प्राप्त गरिसकेका छन् । पदक सुशोभन कार्यक्रममा बलाधिकृत रथी सरोजप्रताप राणा, बलाध्यक्ष रथी सिताराम खड्कालगायत सैनिक अधिकृतको उपस्थिति थियो ।

## सभामुखको निर्वाचन ५ माघमा

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको सभामुख पदको निर्वाचन आगामी माघ ५ गते हुने भएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा ज्येष्ठ सदस्य पशुपति शमशेर जबराले सो जानकारी दिएका हुन् । उनले सभामुखको निर्वाचनका लागि संघीय संसद् सचिवालयका महासचिव भरतराज गौतमलाई निर्वाचन अधिकृत तोकेका छन् ।

नेपालको संविधानमा निर्वाचनपछि प्रतिनिधिसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने प्रावधान छ । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपछि प्रतिनिधिसभाको पहिलो बैठक यही पुस २५ गते बसेको थियो । प्रतिनिधिसभाको अर्को बैठक आगामी माघ ५ गते बिहान ११ बजे बस्नेछ ।

## कांग्रेस केस बैठक माघ १५ मा

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक आगामी माघ १५ गते बस्ने भएको छ । यही पुस २८ गते बिहीबार अपराह्न १ बजे पार्टी केन्द्रीय कार्यालयमा बस्ने भनिएको केन्द्रीय समितिको बैठक माघ १५ गते आइतबार अपराह्न १ बजे बस्ने भएको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

## विश्वासको मतले...

पृष्ठ १ बाट जारी

त्यो पूरा गर्न विश्वासको मतले जिम्मेवारी र चुनौती थपेको छ ।'

यसअघि प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले उठाएको जिज्ञासाको जवाफ दिँदै प्रधानमन्त्री दाहालले जनताको अगाडि गरेका प्रतिबद्धताको अक्षरशः कार्यान्वयनका लागि ठूलो अवसर प्राप्त गरेको महसुस गरेको बताए । उनले सदनमा उपस्थित सत्तापक्ष र प्रतिपक्षले समेत समर्थन गर्ने अवस्था पैदा हुनुलाई असाधारण अवस्थाको संज्ञा दिए । सबै दलको समर्थन पाएपछि आफूलाई अपार चुनौती र जिम्मेवारी थपिएको महसुस भएको बताए ।

प्रधानमन्त्री दाहालले आफूलाई समर्थन गर्ने दल र सांसदको भावनालाई सकारात्मक चुनौतीको रूपमा लिएको स्पष्ट पारे । सत्तापक्ष र प्रतिपक्ष मिलेर मुलुकसामु रहेको साझा समस्या समाधानका लागि पहल गर्ने दृढता उनले व्यक्त गरे । सिंगो सदनको नै विश्वासको मत पाउनुलाई आफू राष्ट्रिय सहमतिको केन्द्रबिन्दुमा रहेको महसुस गरेकोसमेत प्रधानमन्त्री दाहालले बताए

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधान रक्षाका लागि प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने निर्णय गरिएको बताए । उनले सत्ता घटक दलका नेताबाटै संवैधानिक व्यवस्थालाई चुनौती रहेको टिप्पणी गर्दै यसको रक्षाका लागि खरो रूपमा उत्रनुपर्ने अवस्था आएको बताए ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने कांग्रेसले विश्वासको मत दिएकोप्रति आशंका व्यक्त गरे । उनले कांग्रेसले अरु सोचेको भए पूरा नहुने दाबी गरे । 'प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले सरकारलाई समर्थन गरेको छ । यदि यो समर्थनभित्र सदासहयताबाहेक अरु कुरा छैन भने, यदि यो समर्थन कुनै जालझेल होइन भने, यो समर्थन कुनै ढोक्सा होइन भने स्वागत छ । ढोक्सा हो भने म भन्न चाहन्छु, जाल हो भने म भन्न चाहन्छु- माछा नभएको खोलामा फचाँकेजस्तै हुनेछ जाल,' ओलीले भने ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले हालै सम्पन्न निर्वाचनबाट बनेको संसदीय संरचनाले नै सबै मिलेर जानुपर्ने अवस्था आएको बताए । उनले प्रधानमन्त्रीले जनतालाई दिने सेवा प्रवाह र राष्ट्रियताको सन्दर्भमा भएका प्रतिबद्धताको सराहना गरे । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफूहरूले चाहेको व्यक्ति नै प्रधानमन्त्री भएको र प्रतिपक्षमा रहेको नेपाली कांग्रेसले समेत समर्थन गरिसकेपछि विश्वासको मत दिएको बताए । जनता समाजवादी पार्टीका सांसद अशोक राईले सुशासनसहितको आर्थिक समृद्धि हासिल गर्ने सरकारको प्रतिबद्धतालाई पूर्णरूपमा कार्यान्वयन गर्न सरकारलाई विश्वासको मत दिएको बताए ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले प्रतिपक्ष नहुँदा सरकार निरंकुश बन्ने खतरा बढेको बताए । उनले संसद्मा प्रतिपक्ष हुन्छ भन्ने आफूले बुझेको भन्दै कांग्रेसले विश्वासको मत दिएकोप्रति आशंका व्यक्त गरेका हुन् । 'विगतमा भएका आफ्ना गल्ती ढाक्ने अनि त्यहीँभित्र लडेर फेरि सत्तामा आउने दाउ त हैन?,' केसीले भने, 'जुन दृश्य आज देखियो यो डरलाग्दो हो ।'

## प्रधानमन्त्रीलाई...

पृष्ठ १ बाट जारी

थिए । दाहाललाई विश्वासको मत दिने निर्णयमाथि कांग्रेसमा लामो छलफल चलेको थियो ।

पार्टीको निर्णयमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित पूर्वमहामन्त्री प्रकाशमान सिंह, केन्द्रीय सदस्यहरू अर्जुननरसिंह केसी र प्रदीप पौडेलले फरक मत नै राखे । तर, सभापति शेरबहादुर देउवाले दाहाललाई विश्वासको मत दिन पार्टीका सांसदहरूलाई ह्वीप नै जारी गरेपछि सबै सांसदले विश्वासको मत दिए ।

कांग्रेसबाहेक सरकारमा सहभागी नहुने र प्रतिपक्षी भूमिका निभाउने सर्तसहित नेकपा एकीकृत समाजवादीका १० र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का चार सांसदले पनि विश्वासको मत दिएका छन् । टीकापुर घटनामा दोषी ठहर भएका रेशम चौधरीको संरक्षणमा स्थापित नागरिक उन्मुक्ति पार्टीका चार जना सांसदले विश्वासको मत दिएका छन् । तर, चौधरीसहित राजबन्दीहरूको रिहाइ नभएसम्म सरकारमा सहभागी नहुने उक्त दलकी अध्यक्षसमेत रहेकी सांसद रञ्जिता श्रेष्ठ चौधरीले बताइन् ।

त्यसबाहेक सत्ता गठबन्धनमा पहिल्यै सामेल भइसकेका नेकपा एमालेका ७९, दाहालकै दल नेकपा माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का २०, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का १३, जनता समाजवादी पार्टी (जसपा)का १२, जनमत पार्टीका छ र स्वतन्त्र सांसदहरू योगेन्द्र मण्डल, प्रभु शाह र अमरेशकुमार सिंहले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएका छन् ।

दुई वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पटक-पटक संसद् विघटन गरेपछि कांग्रेस नेतृत्वको गठबन्धनमा सामेल भएर देउवालाई प्रधानमन्त्री बनाउन लागेका दाहाल कांग्रेस नेतृत्वको गबठन्धनबाटै चुनाव जितेका हुन् । तर, सरकार गठनको क्रममा भागबण्डा नमिल्दा संसद्को दोस्रो दल एमालेसहित दलसँग तालमेल गरेर प्रधानमन्त्री बनेका थिए । दुई साताअघि अप्रत्याशितरूपमा गठबन्धन तोडेर विपक्षीको सहयोगमा प्रधानमन्त्री बनेका दाहाललाई कांग्रेसले पनि विश्वासको मत दिएपछि दाहाल शक्तिशाली बनेका छन् । तर, त्यसले एकातिर सत्ता गठबन्धनमा आशंका पैदा गरेको छ भने अर्कोतिर संसद् प्रमुख प्रतिपक्षीविहीन बनेको छ । सामान्यतः संसदीय राजनीतिको स्वाभाविक अभ्यास अवलम्बन गर्ने हो भने दोस्रो र तेस्रो ठूलो दल मिलेर सरकार बनाएको अवस्थामा पहिलो दल विपक्षमा बस्नुपर्ने हो । तर, कांग्रेसले फरक अभ्यास दोहोऱ्याउँदा आलोचित हुन पुगेको छ । कांग्रेसकै नेताहरूले सभापति देउवाले विपक्षीको भूमिका निर्वाह गर्न नचाहेको र सत्ता आशक्ति देखाएको भन्दै विरोध गरेका छन् भने नागरिक समाज र सरोकारवालाले पनि संसद् प्रतिपक्षीविहीन बन्ने अवस्था आएको भन्दै आलोचना गरेका छन् ।

त्यसो त कांग्रेसकै लागि भने यो नयाँ घटना होइन, कांग्रेसले ०५१ सालमा एमालेका मनमोहन अधिकारीको अल्पमतको सरकारलाई पनि विश्वासको मत दिएको थियो । तर, अहिलेको परिस्थिति भने फरक हो । कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले भने ०५१ कै जस्तो विशेष परिस्थितिलाई ध्यानमा राखेर सरकारलाई विश्वासको मत दिएको दाबी गरे । 'मुलुकको विशेष परिस्थितिको विश्लेषण गरेर हामीले सरकारलाई विश्वासको मत दिने निर्णय गरेका हौं, कांग्रेसले अहिलेमात्रै होइन, पहिले पनि यसरी नै विश्वासको मत दिएर प्रतिपक्षीको भूमिका निभाएको छ,' उनले भने । सभापति देउवाले भने संसद्मा बोल्दै कांग्रेसले सशक्त प्रतिपक्षको भूमिका निभाउने तर संविधानको रक्षा र कार्यान्वयनका लागि दाहाल सरकारको बलियो जिम्मेवारी पूरा गर्न विश्वासको मत दिएको बताएका थिए ।

पहिलो कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वको सरकारलाई भने संसद् विघटन हुनसक्ने सम्भावना रहेका कारण कांग्रेसले २०५१ सालमा विश्वासको मत दिएको थियो । तर, अहिले र त्यसबेलाको राजनीतिक परिस्थिति भिन्न हो । अहिले कांग्रेसले दाहाल नेतृत्वको सरकारलाई विश्वासको मत नदिँदा पनि संसद् विघटन हुने अवस्था छैन ।

सोही कारण प्रधानमन्त्रीलाई विश्वासको मत दिनुअघि बसेको कांग्रेसको कार्यसम्पादन समितिको बैठकमा महामन्त्रीद्वय थापा र शर्मासँगै नेताहरू अर्जुननरसिंह केसी र बलबहादुर केसीले प्रधानमन्त्रीलाई विश्वासको मत दिन नहुने धारणा राखेका थिए । यदि कांग्रेसले दिए पनि त्यसले राजनीतिक कोर्श परिवर्तन नहुने धारणा उनीहरूको राखेका थिए । उनीहरू संविधानको मर्मअनुसार सरकारलाई खबरदारी गर्न बलियो प्रतिपक्षको भूमिकामा कांग्रेस हुनुपर्ने पक्षमा थिए । तर, देउवाले ह्वीप जारी गराएर विश्वासको मत दिन लगाए, जसले संसद्मा एक/एक सिट भएको नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले प्रतिपक्षी नेताको भूमिका निर्वाह गर्नुपर्ने स्थिति सिर्जना भएको छ ।

अब प्रधानमन्त्रीविरुद्ध दुई वर्षसम्म संसद्मा अविश्वासको प्रस्ताव ल्याउन नपाइने भएको छ । तर, समर्थन गरेकामध्ये कुनै दलले समर्थन फिर्ता लिएको अवस्थामा भने ३० दिनभित्रमा विश्वासको मत लिनुपर्ने संविधानविद् डा. भीमार्जुन आचार्यले बताए ।

## प्रतिपक्ष...

पृष्ठ १ बाट जारी

विपक्षी दलको नेताको भूमिका हुन्छ । तर, कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको हो । मत दिए पनि कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नो पार्टी प्रतिपक्षी दलको भूमिकामा हुने बताएका छन् ।

यसलाई संविधानविद् आचार्य कांग्रेसको दोहोरो मापदण्डको रूपमा टिप्पणी गर्छन् । 'सरकारलाई विश्वासको मत दिन्छु अनि प्रतिपक्षी बन्छु भन्नु हास्यास्पद हो । दोहोरो मापदण्ड हो । यसलाई संसदीय राजनीतिमा अराजक गतिविधि मानिन्छ,' आचार्यले भने । उनका अनुसार संसद्मा प्रतिपक्षी दलको नेता पालैपालो जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाललाई बनाउनुपर्छ ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YMC FORGINE (M) SDN BHD(354847-X)

पूर्व स्वीकृति मिति २०७८/१२/२४ पुन: स्वीकृति मिति २०७९/०९/२६ LT. No. 261029 चलानी नं. ६०१७७४२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1200 | ३५९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा माघ 8 गते (18th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tushal-6, Bouddha Kathmandu, Nepal, Tel: +977-1-4479952/ 4479953,4354342 Mob No. 9841206595, 9841788448, 9841176944
E-mail : hrnhimalayan@gmail.com, hrnhimalayan@yhoo.com
Website : www.hrnhimalayan.com



## वैदेशिक रोजगारको अवसर

**Radix Oilfield Trading and Consultancy Services** Qatar, Doha

पुर्व स्वीकृति मिति:२०२२/११/03 पत्र संख्या: ०७९/८० चलानी नं.: ६०१९०४९७ LT No. 274848

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने/ बस्ने सुविधा | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Technician | 01 | 00 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२०० | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Blacksmith | 01 | 00 | | 1200 | ४३,२०० | | | | | | | |
| ३. | Labourer | 03 | 00 | | 1000 | ३६,००० | | | | | | | |

**Emdad Services LLC** UAE, Abu Dhabi

पुर्व स्वीकृति मिति:२०२३/०१/१० पत्र संख्या: ०७९/८० चलानी नं.: ६०१९४८४७ LT No. 279352

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने/ बस्ने सुविधा | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 10 | 00 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,५०० | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Plumber | 10 | 00 | | 1500 | ५२,५०० | | | | | | | |
| ३. | Welder | 10 | 00 | | 1500 | ५२,५०० | | | | | | | |
| ४. | Labourer | 10 | 00 | | 1200 | ४२,००० | | | | | | | |
| ५. | Gas Fitter | 10 | 00 | | 1500 | ५२,५०० | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले ब्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने कं. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला॥ बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला॥ (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्॥ आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ॥ (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला॥ (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला॥ (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला॥ सो को (१) एक प्रति आफुसंग राख्नुहोला॥ (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ॥ (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला॥ छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**अन्तर्वार्ता कम्पनीको कार्यालय तिनकुने काठमाडौंमा मिति २०७९ माघ ०४ गते (Jan 18, 2023) हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ.
फोन: ०१-४१११५६०, Email: ars@arabrecruiting.com

श्रम इजाजत पत्र नं. ७३/०५२/०५३



## सुनवर्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मोरङ
प्रदेश नं.१, नेपाल

## सुनवर्षी नगरपालिकाबासीहरूमा सादर अनुरोध

**यस नगरपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबाट तबरले कार्यसञ्चालन गर्दै आएको छ । आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् । बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि बनाउन बालबालिकाहरुमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान यस नगरपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ ।**

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरूलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- सबै बालबालिकाहरूलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ५ वर्ष मुनिका बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- गर्भवती आमाहरूलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकमीबाट गराऔं ।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा) ।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गराऔं ।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- आफू र आफ्ना बालबालिकाहरूको सरसफाईमा विशेष ध्यान दिऔं ।
- घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरूलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरू आफैंबाट सुरूवात गरौं ।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरूमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- छोरीछोरालाई पूर्णरूपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र बालमैत्री स्थानीय शासनयुक्त यस गाउँपालिका बनाउँदै सम्भयताको परिचय दिऔं ।

# संसद्मा जे देखियो...




























१. प्रतिनिधिसभाको मंगलबारको बैठकमा सम्बोधन गरेर आएपछि प्रधानमन्त्री पुष्पकमल दाहालसँग हात मिलाउँदै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा ।
२. कांग्रेस सभापति देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली ।
३. प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मतको पक्षमा मतदान गर्न बैठक हलबाट अगाडि बढ्दै कांग्रस सभापति देउवा र एमाले अध्यक्ष ओलीलगायत सांसदहरू ।
४. प्रधानमन्त्री दाहाललाई विश्वासको मतको पक्षमा मतदान गर्दै एमाले अध्यक्ष ओली ।
५. प्रधानमन्त्री दाहाललाई विश्वासको मतको पक्षमा मतदान गर्दै कांग्रेस महामन्त्री गगनकुमार थापा ।
६. प्रधानमन्त्रीलाई विश्वासको मतको पक्षमा मतदान गर्न बैठक हलबाट अगाडि बढ्दै सांसदहरू ।
७. प्रधानमन्त्री दाहाललाई विश्वासको मत प्राप्त भएपछि समर्थन जनाउँदै सांसदहरू ।
८. संसद्बाट विश्वासको मत पाएपछि अभिवादन गर्दै प्रधानमन्त्री दाहाल ।
९. विश्वासको मत प्राप्त गरेपछि प्रधानमन्त्री दाहाललाई बधाई दिँदै प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शमसेर राणा ।

*तस्बिरहरू: रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### परिवर्तनको प्रतीक्षा

सत्ता गठबन्धनले ल्याएको सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा वैदेशिक रोजगारीको क्षेत्रलाई पनि प्राथमिकतामा राखिएको छ। मुलुकको अर्थतन्त्रमा प्रमुख हिस्सा ओगट्ने रेमिटचान्स (विप्रेषण) भित्र्याउने माध्यम वैदेशिक रोजगार नै हो। त्यसैले पनि हरेक सरकारको प्राथमिकतामा यो क्षेत्र पर्ने गरेको छ। त्यसो त वैदेशिक रोजगार मुलुकको लागि बाध्यात्मक हो। यहाँ रोजगारीको अवसर सिर्जना गर्न नसक्दा युवाहरू विदेशिन बाध्य हुनुपरेको अवस्था छ। यस कारण पनि यो क्षेत्र सरकारको कार्यक्रममा छुट्दैन।

सरकारको न्यूनतम साझा कार्यक्रममा वैदेशिक रोजगारीमा गएकाहरूको समस्या सुनुवाइका लागि हटलाइन सेवासहितको सहयोग सेल गठन गर्ने उल्लेख छ। विदेशमा समस्यामा परेकाहरूको उद्धारलगायत आवश्यक अन्य सहयोग गर्ने तथा यसका लागि वैदेशिक रोजगार कल्याणकारी कोष सञ्चालन नियमावलीमा समयानुकूल सुधार गर्ने विषय पनि कार्यक्रममा समेटिएको छ।

यस्तै, वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने, विभिन्न देशमा कार्यरत श्रमिकहरूको सेवाका सर्त र सुविधाहरू नेपाली श्रमिकको हितअनुकूल हुनेगरी नवीकरण तथा परिमार्जन गर्न विशेष पहल गर्ने विषय कार्यक्रममा समेटिएका छन्। अनौपचारिकरूपमा वैदेशिक रोजगारीमा गएका या सम्बन्धित मुलुकको कानुनसँग मेल नखाने गरी बसिरहेकालाई वैधानिक हैसियतमा रूपान्तरण गर्न पहल गर्ने कार्यक्रममा उल्लेख छ।

विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार सुनिश्चित गर्ने विषय पनि यसमा समेटिएको छ। यो विषय लामो समयदेखि विदेशमा रहेका नेपालीहरूले उठाउँदै आएका छन्। यसअघिका सरकारहरूले यो विषयलाई सम्बोधन गर्ने बताए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन। अब नयाँ सरकारले यसलाई कतिको कार्यान्वयन गर्ला, त्यो हेर्न बाँकी नै छ।

यता न्यूनतम साझा कार्यक्रममा श्रमसँग सम्बन्धित विभिन्न विषयलाई समेटेको छ। स्वदेश तथा विदेशमा ज्याला रोजगारी तथा स्वरोजगारीमा रहेका सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा समेट्ने बताइएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत पालिकामा रहेको रोजगार सूचना केन्द्रमार्फत श्रमिक पञ्जीकरणको प्रणाली सुरु गरी श्रमजीवीहरूको तथ्यांक दुरुस्त राख्ने, आर्थिक वृद्धिका आधारमा सबै प्रकारका भत्ता वृद्धि गर्ने र पाँच वर्षको अवधिमा न्यूनतम ज्याला मासिक २५ हजार रूपैयाँ पुर्‍याउने सरकारको न्यूनतम कार्यक्रममा उल्लेख छ।

यी माथि उल्लिखित बुँदाहरू मात्रै कार्यान्वयन हुने हो भने वैदेशिक रोजगारीको क्षेत्र व्यवस्थित र सुरक्षित बन्ने निश्चित छ। तर, नेपालमा जतिसुकै राम्रो कार्यक्रम र नीति बनाए पनि कार्यान्वयनको पाटो अत्यन्त कमजोर रहँदै आएको छ। पूर्वाधार विकास होस् या रोजगारी, शिक्षा, स्वास्थ्यलगायत सबै क्षेत्र यही नियतिमा गुज्रिरहेको छ। त्यसैले अब नीति मात्र राम्रो भएर हुँदैन, त्यसलाई कार्यान्वयन गर्ने संयन्त्रलाई चलायमान बनाउन जरुरी छ। कार्यक्रम कार्यान्वयनमा कडाइ गरिनुपर्छ। अनिमात्र नतिजा सकारात्मक देखिनेछ।

त्यसो त नयाँ जनादेश लिएर आएको सरकारलाई काम नगर्ने छुट छैन। फेरि पनि विगतमा जस्तो जनतालाई आश्वासन मात्र बाँड्ने अवस्था छैन। त्यसैले न्यूनतम साझा कार्यक्रममा समेटिएका कार्यक्रमहरू कार्यान्वयनमा यो सरकार चुक्नु हुँदैन। जनतालाई परिवर्तनको अनुभूति गराउने गरी काम गर्न सरकारको ध्यान जाओस्।

## मननयोग्य

### चाणक्य नीति

चाणक्य राजभवनमा चन्द्रगुप्तलाई सम्झाउँदै थिए- 'तिमी शोक नगर, यो समय खेर फाल्ने होइन। तिम्रा पिताको किरिया-कर्मपछि तिम्रो राज्याभिषेक हुनेछ, तिमीले आज दुई कार्य गर्नु छ, एउटा राज्यको बागडोर सम्हाल्नु, दोस्रो बाबुको काजकिरिया गर्नु।'

यो के भन्नुहुन्छ गुरुदेव! प्रजा मलाई घृणाले हेर्छन्, इतिहासमा मलाई कलंकित नबनाउनुहोस्, चन्द्रगुप्तले भने।

विजयपछि शकटारलाई चन्द्रगुप्तको सहायतार्थ चाणक्यले नियुक्ति गरे। शकटारतिर हेर्दै चाणक्यले भने- 'नन्दको दाहसंस्कारको व्यवस्था गर्नोस्। चन्द्रगुप्त मगधको शासक बनेको घोषणा गर्नोस्। महानन्दका किरियाकर्म भएपछि राज्याभिषेक हुनेछ।'

सूर्य अस्ताचलतिर ढल्किरहेथे। शोणनदीका किनारमा महानन्दको चिता बलिरहेथ्यो। सूर्यले आफ्नो रातो किरणद्वारा चिताको अग्निको रातोपनामा अरू रातो थपिरहेका थिए। माटोको शरीर माटैमा बिलाउन आतुर थियो, चन्द्रगुप्त शोकले खडा थिए। उनी सोच्तै छन्- मगधाधिपति, जसका हुकारले सिकन्दरद्वारा बढाइएको पाइला पनि रोकेथ्यो, जो यत्रो राज्यको मालिक त्यही आज एकमुठी धूलो हुँदैछ।

मरिसकेपछि संसारका राम्रा नराम्रा कुरा सँगै जान्छन्। मानिस ठूलाठूला कुरा पनि चाँडै विर्सन्छ। चिताबाट मानिस आँखाभरि आँसु पार्दै घरतिर फर्किन्छ। केही समयपछि तिनै आँखा हाँस्नु, खेल्नु हासपरिहास आदिमा चम्किन थाल्छन्।

जुन मुरा यो महलबाट परित्यक्ता बनी निकालिएकी थिइन् उनै फेरि यही महलमा आइन्, तर परिस्थिति उल्टो। पहिलो अवस्थामा यो महलमा रूप र गन्ध सबैतिर देखिन्थ्यो। उन्मत्त यौवनपूर्ण नवयौवनाहरू नाचगान र सुगन्धयुक्त भई महलमा शोभा दिन्थे। तर, आज यही महलमा सुनसान एवम् सबैतिर अनुशासित सैनिकको पहरा र मृत्युजस्तो उदासी छ। यी सबै कुरा देखा मुशलाई आश्चर्य लाग्थ्यो। क्रमशः

# वर्तमान सत्ता समीकरणको औचित्य



अजबहादुर मल्ल

**वर्तमान गठबन्धन समयको आवश्यकता हो। विगतको तीक्ततालाई बिर्सेर गठबन्धन बनाउनु, गठबन्धन टिकाउनु बहादुरी हो। यो गठबन्धनलाई आपसमा विवाद नगरी अर्को चुनावसम्मै कायम राख्नुपर्छ। वामपन्थी एकताबाटै देशमा समृद्धि हुनेछ। हुन त अब पाँच वर्ष एमाले र माओवादी केन्द्रबीच पालैपालो सरकारको नेतृत्व गर्न कसैले रोक्न सक्ने अवस्था छैन। यही गठबन्धनले देशमा समृद्धि ल्याउनेछ।**



मुलुकको वर्तमान अवस्था अन्योलग्रस्त छ। कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन नसकेको अवस्था छ। त्यसैले कुनै एक वा दुई दलले मात्र सरकार बनाउन चाहिने सिट ल्याएको छैन। त्यसैले राजनीतिक स्थिरताका लागि अहिले एमाले-माओवादी केन्द्रसहितका दलहरूको सरकार बनेको हो। देशमा राजनीतिक स्थायित्व र अमनचयनका लागि यो गठबन्धन पाँचै वर्ष कायम रहनु आवश्यक छ।

अहिलेको अवस्थालाई निहालेर हेर्ने हो भने कुनै पनि दलले एक्लैले स्थायित्व दिन नसक्ने भएको, देश र जनताले आशा गरेअनुसारको सरकार बन्न नसक्ने परिस्थितिलाई पार लगाउँदै वर्तमान सत्ता गठबन्धन निर्माण भएको हो। यो गठबन्धनलाई निरन्तरता दिन एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जसपासहितका दलहरू जिम्मेवार र इमान्दार बन्नु आवश्यक छ। यसबाट मात्र देशमा राजनीतिक स्थायित्व कायम हुनेछ। त्यसैले राष्ट्रियस्तरका सम्पूर्ण दलहरूको पदको प्रलोभनमा नपरी यो देशका लागि चिन्ता राख्नुपर्ने टड्कारो आवश्यकता छ। नेताहरूले कुर्सीभन्दा राष्ट्रियता, राष्ट्रिय एकता, विकास र समृद्धिमा ध्यान दिएमा मात्र राष्ट्रप्रतिको जिम्मेवारी वहन गरेको ठहर्छ। त्यसो त अहिलेसम्म प्रधानमन्त्री र मन्त्रीहरूले देखाएको सक्रियता स्वागतयोग्य छ। विकास निर्माण, जनजीविकाका लागि प्रधानमन्त्रीदेखि सरकारी तल्ला तहका कर्मचारीसमेत वफादार बन्नुपर्छ।

त्यसो त वर्तमान सरकार गठन भए पनि राजनीतिक स्थिरताको सम्भावना अझै कम देखिन्छ। वर्तमान सत्ता गठबन्धनमा एउटै विचार भएका, एउटै सिद्धान्त भएका मात्र छैनन्। फरक-फरक विचार, फरक-फरक सिद्धान्त, फरक-फरक आदर्श भएका छन्। यस्तो अवस्थामा वर्तमान गठबन्धनलाई पाँचै वर्ष कायम राख्न पहिला नेकपा एमालेले अग्रसरता लिनु जरुरी छ।

यो गठबन्धन त्यसै बनेको होइन, गठबन्धनपश्चात् एमालेले राष्ट्रपति, सभामुख पाउँदै छ। त्यसमाथि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल दुई वर्ष छ महिना लागि (आधा अवधि) प्रधानमन्त्री बनेका हुन्। आधा अवधि एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुने सहमति भइसकेको छ। गठबन्धनको सहमतिअनुसार एमाले-माओवादी केन्द्रसहितका दलहरूको नेतृत्वमा मुख्यमन्त्री चयन भइरहेका छन्। संघ र प्रदेश दुवैतिर सहमतिअनुसारै पदीय भागबण्डा होला, पदीय भागबण्डाका कारण गठबन्धन टुट्ने, फुट्ने नहोस्। यो अवस्थामा वर्तमान गठबन्धन अरुका कुरा काट्नेदेखि बच्नुपर्ने देखिन्छ। राष्ट्रका लागि इमान्दारीपूर्वक लाग्ने र बिचौलियाहरूको कुरा नसुन्ने गरेमा यो गठबन्धन लामो समयसम्म कायम रहन्छ, गठबन्धन सफल हुन्छ।

हुन त पार्टी विभाजन भएको कारणले मात्र नेकपा एमाले कांग्रेसभन्दा कमजोर देखिएको हो। यो देशमा वामपन्थीहरू एक हुनुपर्ने आवश्यकता यसपटकको निर्वाचनले स्पष्ट पारेको छ। वामपन्थी एकतामा नेकपा एमालेबाटै पहिलो प्रयास गर्नुपर्ने देखिन्छ। यो देशमा कम्युनिस्ट शक्ति बलियो भएमा मात्र देशमा राष्ट्रवादी विकासवादीहरूको जग बस्नेछ। नेकपा एमालेले संघ र प्रदेशमा निर्वाचन हारेको छैन। समानुपातिकमा एमालेले बढी मत पाएकाले जनतालाई एमालेको माया छ भन्ने पुष्टि गर्छ। जुनसुकै षड्यन्त्रलाई पार लगाउँदै एमाले माओवादीसहितको सत्ता गठबन्धनलाई लामो समयसम्म निरन्तरता दिनु आवश्यक छ। यो सत्ता गठबन्धनलाई अर्को चुनावसम्म कायम राख्नुपर्छ भन्ने हाम्रो मनसाय हो।

पार्टी विभाजित भएकै अवस्थामा हामी (एमाले)ले चुनावमा भाग लियौं। नेता, उम्मेदवारहरूले एक आपसमा समन्वय नराखेको कारणले हामीले सोचेजस्तो परिणाम आउन सकेन। चुनावको बेला कांग्रेस नेतृत्वको गठबन्धन थियो। यदि एक्ला एक्लै एमाले र कांग्रेस चुनावमा भाग लिने हो भने कसको हैसियत कस्तो रहेछ भन्ने पुष्टि हुन्छ।

वर्तमान गठबन्धन समयको आवश्यकता हो। विगतको तीक्ततालाई बिर्सेर गठबन्धन बनाउनु, गठबन्धन टिकाउनु बहादुरी हो। यो गठबन्धनलाई आपसमा विवाद नगरी अर्को चुनावसम्मै कायम राख्नुपर्छ। वामपन्थी एकताबाटै देशमा समृद्धि हुनेछ। हुन त अब पाँच वर्ष एमाले र माओवादी केन्द्रबीच पालैपालो सरकारको नेतृत्व गर्न कसैले रोक्न सक्ने अवस्था छैन। यो गठबन्धनलाई कायम राख्न रास्वपा, राप्रपा, जसपा, जनमत, नागरिक उन्मुक्ति पार्टी पनि इमान्दार रहने छन् भन्ने विश्वास लिनुपर्छ। यो गठबन्धनबाटै देशमा समृद्धि आउनेछ।

यसै मेसोमा भन्नुपर्दा आ-आफ्नो एजेण्डा स्थापित गर्न वर्तमान सत्ता गठबन्धनका दलबाट प्रयास हुने नै छ। गठबन्धनको सबैभन्दा ठूलो दल भएकाले एमालेले आफ्ना एजेण्डा स्थापित गर्न प्रयास गर्ने नै छ, लाग्ने नै छ। सरकारभित्र र बाहिर सबै तहबाट एमाले आफ्ना एजेण्डा स्थापित गर्न लाग्नेछ। किनकि, गठबन्धनको सफलता-असफलताको जस अपजस एमालेले लिनुपर्ने भएकोले पहिले राम्रा काम गर्न एमाले नेतृत्व गम्भीर र सक्रिय हुन जरुरी छ।

नेकपा एमालेले सबैभन्दा पहिला सम्पूर्ण वामपन्थीलाई एक बनाउन प्रयास गर्नुपर्छ र यसभन्दा अघि आफ्नै पार्टीमा पनि सबै तहमा एकताबद्ध बनाउनुपर्छ, राष्ट्रिय हितका लागि एमालेले पहिला अग्रसरता लिनुपर्छ। एमालेकै कारण देश समृद्ध बन्दै छ, विकास हुँदै छ। त्यसैले यस विषयमा पार्टीको हरेक तहका नेता, कार्यकर्ता गम्भीर बन्नुपर्छ। एमालेलाई सम्पूर्णरूपले बलियो बनाउने हामी सबैको जिम्मेवारी हो।

देशमा व्याप्त भ्रष्टाचार नियन्त्रणका लागि सम्बन्धित निकायलाई पहिला अग्रसर बनाउनुपर्छ र भ्रष्टाचार नियन्त्रण गरिनुपर्छ। भ्रष्टाचारीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ। यही नियम कानुनले भ्रष्टाचारीलाई कारबाही गर्न दिँदैन भने नियम कानुन परिवर्तनमा लाग्न जरुरी छ।

देशमा व्याप्त भएको महँगीले जनताले नुन किन्नसमेत गाह्रो परिरहेको छ। त्यसैले महँगी नियन्त्रण गर्न सरकारी अग्रसरता देखाउनुपर्छ। महँगी नियन्त्रण भएमात्र गरिब जनताले नुन, तेल, चामल किन्दा केही राहत मिल्नेछ।

देशमा राजनीतिक स्थिरता कायम गर्न यो वर्तमान गठबन्धन पाँचै वर्ष कायम रहनुपर्छ। त्यसभन्दा पहिला जनतालाई विश्वास दिलाउनुपर्छ। यो सरकारले जनहितका काम गर्दै अघि बढ्नुपर्छ। शान्ति, स्थिरता, विकास, राष्ट्रियताका विषयमा सरकार थप संवेदनशील बन्नुपर्छ।

यतिबेला सम्पूर्ण जनता, राष्ट्र र राष्ट्रियताका लागि सजग हुन जरुरी छ। आशमा मात्र बस्ने होइन, राष्ट्र राष्ट्रियताका लागि आ-आफ्नो ठाउँबाट आवाज उठाउनुपर्छ। जनताका समस्या समाधान गर्न सरकारलाई झक्झक्याउनु आवश्यक छ। हामी सजग भएमात्र राष्ट्रियता बलियो हुन्छ, विकास हुन्छ, देश समृद्ध हुन्छ।

*(लेखक नेकपा एमाले सुदूरपश्चिम प्रदेश कमिटी सचिवालय सदस्य हुन्।)*

## पत्र-मञ्जुषा

### रूप फेरिएको 'प्रचण्ड'

नेपाल सरकारले पृथ्वीजयन्ती अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ। राष्ट्र निर्माता पृथ्वीनारायण शाहको जन्मोत्सवको उपलक्ष्यमा सरकारले धेरै वर्षपछि बिदा दिने निर्णय गरेको हो। माओवादी सरकारमा आएपछि यो बिदा कटौती गरिएको थियो। अहिले माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' मुलुकको ड्राइभिङ सिटमा बसेका छन्। प्रधानमन्त्री दाहालले नै पृथ्वी जयन्तीको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेका हुन्। २०५२ फागुन १ गते माओवादीले जनयुद्ध सुरु गर्दा कमाण्डर प्रचण्ड थिए।

त्यतिखेर सर्वसाधारणले राजाको फोटो घरमा झुण्ड्याएर राख्यो भने माओवादीले सजाय दिन्थ्यो। जसको घरमा राजाको फोटो हुन्थ्यो उसले धेरै कष्ट खेप्नुपर्थ्यो। कि धुलोपिठो हुनेगरी कुट्ने कि कालोमोसो दल्ने। कतिपयलाई चार पाटे मुडेका पनि छन्। कसैलाई बाँधेर लडाउँथे त आफ्नो पार्टीमा लिएर जान्थे। जरिवाना पनि छुट्टै छ। राजतन्त्रको विरोध गर्दै आएको पार्टी हो, माओवादी। माओवादीका कार्यकर्ताहरूले राजालाई जनताको रगत चुस्ने जुका भएको बताउँदै आएका थिए।

उनीहरू जसरी पनि राजा फाल्नुपर्नेमा थिए। जसका लागि तिनले जनयुद्धको घोषणा गरे। जसरी भए पनि राजालाई विस्थापन गराउने भनेर माओवादीहरू लागिपरेका थिए। राजाको परिवारलाई नेपालबाटै लखेट्ने अडान लिएर माओवादी आएको थियो। राजाको फोटो घरमा राखेकै भरमा माओवादीका कार्यकर्ताले कति सर्वसाधारणलाई मारे। कतिलाई अंगभंग बनाए। एकदमै कठिन सजायहरू पनि दिने काम भयो। तर, अहिले आएर प्रचण्डको रूप नै फेरियो। उनले आउँदो पुस २७ गते सार्वजनिक बिदा दिने बताएका छन्।

तर, हिजो राजाको फोटो राखेकै भरमा सोझा जनताले ज्यान गुमाउनुपर्‍यो। आजको परिस्थिति नै फेरिएको छ। जनताले ज्यान गुमाए त्यो अब फर्काएर ल्याउन सक्छन्? कतिपयले मर्नेगरी कुटाइ खाए, कति अंगभंग भए। प्रचण्डले यसको भर्पाइ गर्न सक्छन्? हिजो जनयुद्धको नेतृत्व गर्ने पनि प्रचण्ड थिए आज देशको प्रधानमन्त्री पनि उनी नै छन्। पदका लागि मानिसले केसम्म गर्दो रहेछ भन्ने त यहाँबाट स्पष्ट भइसकेको छ। कि हिजो उनले जुन व्यवहार सर्वसाधारणलाई गरेका थिए आज उनलाई पनि त्यस्तै गर्नुपर्‍यो।

नैतिकता छ भने प्रचण्डले तत्काल पदबाट राजीनामा दिनुपर्छ। हिन्दू राज्यको कडा विरोधी प्रचण्डले कुन दिनबाट नेपालमा राजतन्त्र चाहिन्छ भन्न बेर लगाउँदैनन्। राजाभन्दा सामन्ती र शोषकी त प्रचण्ड रहेछन्। केही समयपछि उनले लोकतन्त्र खारेज गर्नुपर्छ, हिन्दूराज्य ल्याउनुपर्छ भन्न थाल्छन्। पदका लागि यो तत्काल भन्न पनि बेर लाग्दैन। राजाको फोटो झुण्ड्याएको र खल्तीमा बोकेकै भरमा जनताको जिउने अधिकार खोसियो। हिजो राजाको फोटो राख्नेलाई मार भन्ने त प्रचण्ड नै हुन्।

उनकै निर्देशनमा त उनका कार्यकर्ताहरूले ज्यान लिएका हुन्। दण्ड सजायको घोषणा गर्ने पनि प्रचण्ड। राजा सामन्ती हो, राजालाई देश निकाला गर्नुपर्छ भन्ने पनि उनै त हुन्। आज त्यही राजाको जन्मोत्सवमा बिदा दिनुपर्छ भन्ने र दिने पनि उनै हुन्। प्रचण्डले जनतालाई कतिसम्म भ्रममा पारेका रहेछन् भनेर बुझ्न जरुरी छ। उनलाई हिजो पनि पद प्यारो थियो आज पनि पद नै प्यारो छ। मर्ने त मरेर गइसके तर बाँकी भएकाले उनलाई घृणा गर्छन्।

यसअघि पनि थुप्रै पार्टी आए र गए। पुस २७ गते सार्वजनिक बिदा दिनुपर्छ भनेर राप्रपाले धेरै अघिदेखि माग गर्दै आएको थियो। तर, कुनै सरकारले पृथ्वीजयन्तीको अवसरमा बिदा दिएको थिएन्। उनकै पालामा बिदा दिने निर्णय भएपछि जनता आश्चर्यचकित बनेका छन्। अरुले त दिन्न भनेपछि माओवादीलाई बिदा दिन किन हतारो? उनी जनता र राष्ट्रका लागि आएका रहेछन् त? अहिले आएर सबै छर्लंग भइसकेको छ।

राप्रपालाई सरकारमा ल्याउनका लागि उनले घुँडा टेके। अहिले आएर प्रचण्डको दिमागी खेल त सबैले बुझिसके। तर, हिजो त्यत्रो जनतालाई किन बोका मारेझैं मारेको? जनताको छोराछोरीको विनासिती रगत किन बगाएको? यो गम्भीर प्रश्नको जवाफ प्रचण्डले दिनैपर्छ। हिजो जनतालाई भ्रममा पारे, आज सत्तामा पुग्न जुनसुकै हर्कत गर्न बाँकी नराख्ने उनलाई भविष्यमा जनताले चुनावमा देखाउँछन्। त्यसो त उनको पार्टी हिजो कस्तो थियो, आज कुन स्थितिमा आइपुग्यो भन्ने छर्लंगै छ। अझ पनि यही शैलीमा प्रचण्ड अगाडि बढ्ने हो भने अझ परिणाम खराब हुने प्रस्ट छ।

– *सञ्जोग श्रेष्ठ, ललितपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# बागमतीका मुख्यमन्त्री जमकट्टेलले लिए शपथ



**मकवानपुर (प्रस)–** बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री शालिकराम जमकट्टेलले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छ । प्रदेश प्रमुख यादवचन्द्र शर्माले मुख्यमन्त्री जमकट्टेललाई मंगलबार पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

मुख्यमन्त्री जमकट्टेलको सिफारिसमा नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया र राप्रपा संसदीय दलका नेता उद्धव थापालाई प्रदेश प्रमुख शर्माले मन्त्रीमा नियुक्त गरेका छन् । नवनियुक्त दुई मन्त्रीलाई प्रदेश प्रमुख शर्माले पद तथा गोपनीयताको शपथग्रहण गराए ।

थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी दिइएको छ भने मन्त्री थापालाई विनाविभागीय मन्त्रीका रूपमा नियुक्त गरिएको हो । मुख्यमन्त्री जम्मकट्टेलले बागमती प्रदेशको १४ मन्त्रालयलमध्ये १३ मन्त्रालय अर्को मन्त्रिपरिषद् विस्तार नभएसम्मका लागि आफैंले सम्हाल्ने छन् ।

नवनियुक्त मुख्यमन्त्री जम्मकट्टेल धादिङ जिल्लाको प्रतिनिधिसभा क्षेत्र नं १ प्रदेशसभा १ बाट निर्वाचित भएका हुन् । नवनियुक्त आर्थिक मामिला तथा योजनामन्त्री थपलिया चितवन १ प्रदेशसभा १ र विनाविभागीय मन्त्री थापा काठमाडौं क्षेत्र नं ८ प्रदेशसभा २ बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

**प्रदेश सरकार प्रवक्तामा थपलिया**

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAMER MADAD AL DAMER RAR LADAH GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | LT. No. :279315 | चलानी नं.६०१९४८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 4 | 0 | 110 | ४७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ४ गते (18th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. २५७/०५८/०५९
Basundhara, Kathmandu, Nepal,
Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLOWER SWEET COMPANY FOR SWEETS AND PASTRIES.

पूर्व स्वीकृति मिति : २०७८/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२६ | LT No.252139 | चलानी नं ६०१६९९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 9 | 0 | 100 | ४२,८९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 3 | 0 | 130 | ५५,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ४ गते (18th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.** श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KEY FACILITIES MANAGEMENT INTERNATIONAL SAUDI AREBIA

पूर्व स्वीकृति मिति : २०७८/११/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२६ | LT. No. 258483 | चलानी नं.६०१७७३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | 0 | 1000 | ३४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ९ गते (23rd Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHATHER LADIES SALON COMPANY.

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | LT No :279228 | चलानी नं. ६०१९४८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician (Female) | 0 | 50 | 150 | ६४,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Indoor) | 0 | 10 | 120 | ५१,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ४ गते (18th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.** श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Tel : 01- 4110082,
9808865846, Email: career ganapati@gmail.com

## फ्रि भिसा, फ्रि टिकट मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PELABUHAN TANJUNG PELEPAS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२६ | LT. No. 272628 | चलानी नं. ६०१८८६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Worker Driver | 166 | 0 | 1500 | ४४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ४ गते (18th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.** Govt. License 1521/074/075
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATLANTIS THE PALM LIMITED

पूर्व स्वीकृति मिति २०७९/०२/१० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२६ | LT. No. 263598 | चलानी नं. ६०१७९७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 30 | 30 | 1350 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ४ गते (18th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9851055165, 9846035174, 9851044323, 9810264566, 9818409268, 9818002688
Email:- applyvnv@gmail.com, visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com

प्रभाव दैनिक

रूपशाला

## गुञ्जनको 'केवल तिम्रै तिर' सार्वजनिक

सारा सिर्पाली अभिनीत फिल्म 'गुञ्जन'को गीत सार्वजनिक भएको छ। मंगलबार ओएसआर डिजिटल युट्युब च्यानलमार्फत फिल्ममा समावेशी 'केवल तिम्रै तिर' बोलको गीत सार्वजनिक गरिएको हो। निशान भट्टराई र श्रेया सोताङको स्वर रहेको गीतमा फिल्मका मुख्य कलाकार अभिनेत्री सारा सिर्पाली र प्रितमराज सेन्चुरीलाई देख्न सकिन्छ। रवि मल्लको शब्द रहेको गीतमा कल्याण सिंहले संगीत भरेका छन्। गीतलाई कविराज गहतराजले कोरियोग्राफी गरेका हुन्। हिराकृष्ण शाहीको प्रस्तुति र सुनिता शाही निर्माता रहेको फिल्म एएच इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको हो।



बुधबार, २७ पुस २०७९ (Wednesday, January 11, 2023)

# फिल्मसिटी परियोजनाको तयारी सुरु



■ प्रभाव संवाददाता

**बागमती** – वाग्मती प्रदेश सरकारले फिल्मसिटी निमार्णका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजनाको तयारी कार्य सुरु गरेको छ। वाग्मती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयले मकवानपुरको इन्द्रसरोवरलाई केन्द्र मानेर पालुङ, चित्लाङ, दामन र दोलखाको भस्मेश्वर नगरपालिकालाई फिल्मसिटीका रूपमा विकास गर्न सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजनाको तयारी कार्य सुरु गरेको जनाएको छ।

मन्त्रालयले सम्पादन गरेको कार्य तथा उपलब्धि र आगामी कार्यदिशाबारेमा प्रतिवेदन आज सार्वजनिक गर्दै उक्त जानकारी दिइएको हो। साथै मन्त्रालयले चितवनको सौराहामा पर्यटन विभागबाट निर्माण गरिएको सूचना केन्द्रबाट दिइएको जानकारीका आधारमा चितवन, मकवानपुर जिल्लाका व्यवसायीलाई सेवा प्रवाह गर्ने, वाग्मती प्रदेशको पर्यटकीयस्थलको प्रचारप्रसार गर्न छायाङ्कन गर्ने, चलचित्रलाई सूचक र मापदण्ड बनाउने कार्य अगाडि बढेको जनाएको छ।

मन्त्रालयका सचिव मदन कोइरालाबाट प्राप्त प्रतिवेदन एवम् जानकारीअनुसार मकवानपुरगढीलाई बृहत् पर्यटन विकास गरिनेछ। त्यसका लागि रु तीन करोड बजेट विनियोजन गरिएको छ। सङ्घीय सरकारको समन्वयमा साहसिक जलयात्रालाई महत्वपूर्ण नदी संरक्षण क्षेत्र घोषणा र कम्तीमा दुईवटा बृहत् पर्यटन महोत्सव गर्ने प्रतिवेदनमा उल्लेख छ।

निजी क्षेत्रको सहकार्यमा भारतीय पर्यटक लक्षित पर्यटक यातायात सञ्चालन (वीरगञ्जबाट सुरुआत गर्ने), वाग्मती प्रदेशमा रहेका लोपोन्मुख भाषा, कला र संस्कृतिको अभिलेखीकरण र संरक्षण, पर्यटकीयस्थल एवम् गतिविधिको प्रचारप्रसारमा बढोत्तरी गर्ने योजना रहेको मन्त्रालयले जनाएको छ। प्राप्त विवरणमा नयाँ पर्यटकीय मार्ग निर्माण गर्ने कार्य प्रारम्भ भएको, रसुवा-४ गोसाइँकुण्ड क्याङ्गजिङ्गमा हाई हिमालय नेचुरल वाल क्लाइम्बिङ ट्रेनिङ सेन्टर निर्माण कार्य सुरु गरिएको उल्लेख छ।

काठमाडौँ उपत्यकामा सम्पदा पदमार्गको निर्माण सुरु गरिएको, 'राइनो चिल्ड्रेन पार्क' भरतपुर चितवनमा निर्माण अगाडि बढेको, हिमाल आरोहीका लागि प्रशिक्षण केन्द्रको सम्भाव्यता अध्ययन गरिएको छ। मन्त्रालयले गरेको महत्वपूर्ण काममा प्रदेश पर्यटन ऐन, २०७८ जारी, त्यसमा पर्यटन व्यवसायी एवम् सरोकारवालाको मागलाई समेत ध्यानमा राखी हेरफेर, प्रदेश पर्यटन नीतिको मस्यौदा तयार र छलफल, प्रदेश पर्यटन नियमावली २०७९ को मस्यौदा तयार भइरहेको उल्लेख गरिएको छ।

पर्यटकीय तारे होटल, लज, रिसोर्ट, पब, लाउन्ज, होमस्टेको वर्गीकरण गरी स्तर निर्धारण समिति गठन गरी प्रतिवेदन प्राप्त भइसकेको र आन्तरिक पर्यटनलाई चलायमान बनाउन घुमफिर वर्ष चितवनको सौराहाबाट प्रारम्भ गरेको प्रतिवेदनमा उल्लेख छ।

मन्त्रालयले इको टुरिज्मको विकास, कम्तीमा एउटा पर्यटन र धार्मिक पर्यटनको गौरवका आयोजना सञ्चालन गर्ने, पर्यटकीय पूर्वाधार पुग्नका लागि पहुँच मार्ग निमार्णको स्तरोन्नति गर्ने कार्य आगामी योजनामा राखिएको बताइएको छ। वसन्तपुर, स्वयम्भू, पाटन, भक्तपुर लगायतका स्थानमा निजी क्षेत्रको सहकार्यमा ठूला पर्यटकीय पूर्वाधारको निर्माण गर्ने योजना छ।

## चालिसेलाई बाल साहित्य सम्मान

**काठमाडौं (प्रस)**– शब्दयात्रा प्रकाशनले 'शब्दयात्रा बालसाहित्य सम्मान, २०७९' बालसाहित्यकार विजय चालिसेलाई प्रदान गर्ने भएको छ।


बालबालिकाको उमेर अनुसारको मनोविज्ञानलाई सुहाउँदा खालका बालचित्रकथा, बाल जीवनी, बाल विज्ञान, बाल नाटक, बाल कथा, बाल विज्ञान-उपन्यासजस्ता फरक-फरक विधामा विभिन्न बाल साहित्यिक पुस्तक लेखी चालिसेले प्रकाशन गराएका छन्। साथै विश्वका प्रसिद्ध बाल कथालाई नेपाली भाषामा अनुवाद गरी नेपालीभाषी बाल पाठकसमक्ष त्यस्ता प्रकाशन प्रस्तुत गरेर उनले नेपाली बाल साहित्यिक क्षेत्रमा विशिष्ट योगदान गरेको हुनाले यो सम्मान समर्पण गर्ने निर्णय गरिएको प्रकाशनका अध्यक्ष हरि मञ्जुश्रीले राससलाई जानकारी दिए।

बालसाहित्यकार गोपाल पराजुलीले आफ्ना मातापिता विष्णुमाया-टीकाप्रसाद पराजुलीको स्मृति र सम्मानमा व्यवस्था गरिदिनुभएको अक्षयकोषको ब्याजबाट हरेक वर्ष यो सम्मान समर्पण गर्ने गरिएको उनले बताए।

यसैगरी प्रकाशनले 'शब्दयात्रा सिर्जना सम्मान, २०७९' कवि शैलेन्द्र साकारलाई समर्पण गर्ने भएको छ। शब्दयात्रा प्रकाशनबाट २०७८ सालमा प्रकाशित १७ वटा कृतिमध्ये 'अरू सात समुद्र' कवितासङ्ग्रहका लागि यो सम्मान समर्पण गर्ने निर्णय गरिएको हो।

सम्मानित दुवै व्यक्तित्वलाई रु पाँच हजार राशिसहित रुद्राक्ष मालाले सम्मान गरिने पनि प्रकाशनले जनाएको छ।

# उर्दु भाषामा नेपाली कविता अनुवाद संग्रह प्रकाशन




■ प्रभाव संवाददाता

**काठमाडौं**– पाकिस्तान एकेडमी अफ लेटर्स, इस्लामाबादले पाकिस्तानको राष्ट्र भाषा उर्दुमा 'नेपालकी आवाज' नाममा मूर्धन्य नेपाली साहित्यकारहरूका प्रतिनिधि कविताको अनुवाद सङ्ग्रह प्रकाशन गरेको छ।

सङ्ग्रहमा धरणीधर कोइराला-नेपाल, महानन्द सापकोटा-अब, लेखनाथ पौड्याल-पिँजराको सुगा, गोपालप्रसाद रिमाल-आमाको सपना, सिद्धिचरण श्रेष्ठ-आफ्नो परिचय, भवानी भिक्षु-दु:खको कथा, केदारमान व्यथित-चङ्गा, माधवप्रसाद घिमिरे-काली गण्डकी, विजय मल्ल-छोरीलाई नक्सा पढाउँदा, भीमनिधि तिवारी-जाग एसिया जाग, मोहन कोइराला, सारङ्गी, जगदीश शम्सेर राणा-केटी शहर जान्छे, पारिजात-वरको रुख, भूपी शेरचन- मैनबत्तीको शिखा, ईश्वर वल्लभ-क्रुर विचारको कथा, वाशु शशी-एउटा यस्तो फूल चाहिएको छ, द्वारिकालाल श्रेष्ठ-यी आँखाले खोजेका, वैरागी काइँला-विवाहित महिला कामदारको डायरी, रत्न शम्सेर थापा-एक अन्त्यहीन यात्रा, कृष्णभक्त श्रेष्ठ-मेरो पिँढी, तुलसी दिवस-बलेको दियोको तेल, कालीप्रसाद रिजाल-मेरो इच्छा, हरिभक्त कटुवाल-यो जिन्दगी खै के जिन्दगी समेटिएका छन्।

त्यस्तै उपेन्द्र श्रेष्ठ-अँध्यारो र उज्यालोको कथा, भवानी घिमिरे-असल विचार, कुन्दन शर्मा-एउटा लामो बाटो, मदन रेग्मी-तिमी समुन्द्रको नजिक र टाढा, विमल कोइराला-फल मुन्तिया, एसपी कोइराला -शुरुआत, हरि अधिकारी-अधिकारको पूजा, पुरुषोत्तम सुवेदी-लडाइँको पक्षमा, व्याकुल माइला-काठमाण्डुमा हुने परिवर्तन, दिनेश अधिकारी-जाती, नवराज लम्साल-हरसालको एक उच्च हल्ला खल्ला, मोमिला-आफ्नो राष्ट्रिय मौन आवाजमा जस्ता १०८ वटा कविताको उर्दु भाषामा अनुवाद गरिएको छ।

कविताहरूको अनुवाद जिया-उल-मुस्तफा तुर्क, सैयद कासिफ रजा, मुनिर फैयाजले गर्नु भएको हो। बाहिरी आवरणसहित तीन सय ८५ पृष्ठको उक्त कविता सङ्ग्रहको अनुवादमा पछिल्ला एक सय वर्षमा लेखिएका नेपालका मूर्धन्य साहित्यकारका कविताहरू समेटिएका छन्।

पाकिस्तानको राष्ट्रभाषामा नेपालका साहित्यकारहरूको रचना प्रकाशन हुँदा नेपाली साहित्यकारहरूको रचना र पहिचान विस्तार हुने पाकिस्तानस्थित नेपाली राजदूतावासले जनाएको छ।

साथै यसबाट पाकिस्तानी साहित्यकारहरूलाई नेपाली साहित्यको स्वाद पस्किने अवसर मिल्नुका साथ दुई मित्र देशबीच साहित्यका माध्यमबाट सहयोग अदान-प्रदान हुने एवं द्विपक्षीय समझदारी वृद्धिमा समेत मद्दत मिल्ने पाकिस्तानस्थित नेपाली राजदूतावासले जनाएको छ।

नेपाली कविताहरूको अनुवाद प्रकाशनको कार्यमा नेपाली राजदूतावास, इस्लामाबादले सहजीकरण गरेको थियो।



नेपाल टी-२० लिग

# विराटनगर फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं**– विराटनगर सुपर किंग्स पहिलो संस्करणको नेपाल टी-ट्वान्टी क्रिकेट लिगको उपाधिका लागि लुम्बिनीसँगको भेट पक्का गरेको छ।

त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा मंगलबार भएको दोस्रो क्वालिफायरमा जनकपुर रोयल्सलाई ३९ रनले हराउँदै विराटनगर फाइनलमा पुगेको हो।

विराटनगर सुपर किंग्सले दिएको १ सय ६८ रनको लक्ष्य जनकपुरले १९.१ ओभरमा अलआउट हुँदै १ सय २८ रन बनायो। विराटनगरका लागि चाडविक वाल्टनले ४७ बलमा ५१ रनको अर्धशतकमा राज नाननको बलमा एलबीडब्लु आउट गराए। वाल्टनले ६ चौका प्रहार गरे।

पहिलो विकेट ४ रनमा गुमाएको जनकपुरका लागि दोस्रो विकेटका लागि कप्तान ट्राभोन ग्रिफिथ र चाडविक वाल्टनले ५६ रनको साझेदारी गरे।

कप्तान ट्राभोन ग्रिफिथले ३४ रन बनाउँदा खडक बोहोराले १४ रन बनाए। उसका अन्य खेलाडीले दोहोरो अंकमा रन बनाएनन्। जनकपुरका लागि राज नाननले ४ ओभरमा २८ रन दिएर ३ विकेट लिए। कियोन जोसेफले ३ तथा नन्दन यादवले २ विकेट लिए। सुर्य तामाङले १ विकेट लिए।

त्यसअघि पहिले ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ६ विकेट गुमाएर १ सय ६७ रन बनाएको थियो। विराटनगरका लागि गौरान्शु शर्मा ४२ रनमा आउट हुँदा अर्जुन साउदले ३५ रन बनाए। राज नाननले ३३ रन बनाउँदा हुसेन तलत ३१ रनमा आउट भए।

अमरसिंह राउटेलाले छक्का हान्दै पहिलो ईनिङ सकाएका थिए। जनकपुरका लागि जितेन्द्र मुखियाले २ तथा सोमपाल कामी,सरफुदिन असरफ,ललित नारायण राजवंशी र शमीउल्लाह शिनवारीले समान १/१ विकेट लिए।

अब विराटनगरले फाइनलमा लुम्बिनी अल स्टारसँग खेल्नेछ। पहिलो क्वालिफायरमा जित निकाल्दै लुम्बिनीले फाइनलमा स्थान पक्का गरिसकेको छ। लिगको विजेताले ५५ लाख पाउने जनाएको छ। यस्तै उपविजेताले ३० लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो हुनले १० लाख र चौंथोले ५ लाख पाउने छ।

त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन्। इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने छ।

**'फाइनल हेर्न आइदिनु'**

विराटनगर सुपर किंग्सका कप्तान रोहित कुमार पौडेलले बुधवार लुम्बिनी अल स्टारविरुद्धको फाईनल खेलमा आउन अनुरोध गरेका छन्।

दोस्रो क्वालिफायरमा जनकपुर रोयल्सलाई पराजित गरेर फाईनलमा प्रवेश गरेपछि कुराकानीका क्रममा राम्रो क्रिकेट भईरहेकाले आएर हेरिदिन समर्थकलाई अनुरोध गरे।

'फाईनलमा आएर हामीलाई सर्पोट गरिदिनु होला। राम्रो क्रिकेट भईराखेको छ। दुवै टोली राम्रो रहेका कारण आएर सर्पोट गरिदिनु होला। खेलमा हामीले पूरा एर्फोट लगाएर खेल्ने छौ,' पौडेलले भने।

मंगलबार भएको दोस्रो क्वालिफायरमा जनकपुर रोयल्सलाई ३९ रनले हराउँदै विराटनगर फाइनलमा पुगेको हो।


## न्यू डायमण्ड अन्तिम चारमा

काठमाडौं (प्रस)– साविक विजेता होङग्वान्जी न्यू डायमण्ड युथ स्पोर्ट्स क्लब सातौं एनभिए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको अन्तिम चारमा स्थान बनाउन सफल भएको छ। महिलातर्फ समूह एको खेलमा न्यू डायमण्डले एभेरष्ट भलिबल क्लब माथि २५-७, २५-१० र २५-१२ को सहज जित निकाल्दै ६ अंकका साथ सेमिफाईनलमा स्थान बनाएको हो। यस अघि डायमण्डले नयाँबजार सामाजिक युथ क्लबमाथि जित निकाल्दै ३ अंक जोडेको थियो। यस समूहबाट नेपाल पुलिस क्लबले पनि अन्तिम चारमा स्थान सुरक्षित गरिसकेको छ। अब न्यू डामण्ड र पुलिस विचको खेलले समूह विजेताको टुङ्गो लाग्ने छ।

महिला तर्फको अर्को खेलमा एपिएफले विजयी सुरुवात गरेको छ। एपिएफले गण्डकी प्रदेशलाई ३ - ० को जित निकाल्दै ३ अंक जोडेको छ। एपिएफले गण्डकी माथि २५-१५, २५-१० र २५-११ अंकको जित निकालेको हो। नेपाल भलिबल संघको आयोजनामा भएको च्याम्पियनसिपको पुरुष तर्फको खेलमा नेपाल पुलिस क्लबले ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रलाई २५-१२, २५-२० र २५-११ ले पराजित गर्दै ६ अंकका साथ अन्तिम ८ मा स्थान सुरक्षित गर्न सफल भएको छ। यस अघि पुलिसले न्यूटन भलिबल क्लबलाइ पराजित गर्दै ३ अंक जोडेको थियो।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको पुरुषकै अर्को खेलमा भारतीय खेलाडी सम्मिलित दावाँली मिलन क्लबले आफ्नो दोश्रो खेलमा मणिमुकुन्द भलिबल क्लबलाई ३-१ले पराजित गर्दै अन्तिम ८ मा स्थान बनाउन सफल भएको छ। दावाँलीले मणिमुकुन्दलाई २१-२५, २५-२१, २५-२२ र २५-२३ ले पराजित गरेको हो। समूह ए मा रहेको दाँवाली पहिलो खेलमा नेपाली सेनाको त्रिभुवन आर्मी क्लब संग पराजित भएको थियो। यस समूहबाट आर्मी पहिलेनै अन्तिम ८ मा स्थान बनाउन सफल भईसकेको छ।

# पोखरा रंगशालामा छैन 'फ्लड लाइट'



■ प्रभाव संवाददाता

**पोखरा**– अन्तर्राष्ट्रियस्तरको पोखरा रङ्गशालामा 'फ्लड लाइट' छैन। ठूलो धनराशि खर्चेर बनाइएको रङ्शालामा बत्ती जडानको योजना भने अलपत्र परेको छ। 'फ्लड लाइट' नहुँदा रात्रिकालीन खेलकुद सञ्चालन गर्न सक्ने स्थिति छैन।

अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा)को मान्यता पाउन पनि रङ्गशालामा 'फ्लड लाइट' अनिवार्य हुनुपर्छ। सोह्र हजार पाँच सय दर्शक क्षमताको स्तरीय रङगशाला भइकन पनि बत्ती जडान नहुनुलाई खेल क्षेत्रका पदाधिकारीले दुर्भाग्यका रूपमा लिएका छन्। पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मणप्रसाद योगीले बजेट अभावमा बत्ती जडान हुन नसकेको बताए। 'सङ्घ, प्रदेश सरकार कतैबाट बजेट परेको छैन, बत्ती जडानको योजना अन्योलमा छ', उनले भने, 'फ्लड लाइटका लागि करिब रु १२ करोडको लागत अनुमान गरिएको छ।'

राष्ट्रिय खेलकुद परिषद्ले दुई वर्षअघि 'फ्लड लाइट'का लागि छुट्याएको रु पाँच करोड बजेट कोभिड-१९ महाव्याधिका कारण काम हुन नसकी फिर्ता भएको थियो। कार्यालय प्रमुख योगीले देशकै ठूलो र सुविधायुक्त रङ्गशालाको सञ्चालन तथा व्यवस्थापनमा सङ्घ र प्रदेश सरकारले हातेमालो गर्नुपर्ने उल्लेख गरे।

'सङ्घ र प्रदेश दुवैतिर 'फ्लड लाइट'का लागि बजेट माग गरिरहेका छौँ, स्रोतको सुनिश्चिता हुनासाथ रङ्गशालामा बत्ती जडानको काम अघि बढ्छ', उनले भने, 'रङ्गशालाको विकास त प्रदेश सरकारको पनि दायित्वभित्र पर्छ, प्रदेशबाट पनि आवश्यक पहल हुनेमा हामी विश्वस्त छौँ।' प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले अन्तर्राष्ट्रियस्तरको भएर पनि 'फ्लड लाइट' नहुँदा पोखरा रङ्गशालाको उपयोगिता खुम्चिन सक्ने धारणा राखे।

'साउथ एसियन टिम आउने खालका प्रतियोगिता पोखरा रङ्गशालामा खेलाउन सक्नुपर्छ, त्यसका लागि फ्लड लाइटलगायत अन्तर्राष्ट्रिय मापदण्डका पूर्वाधार चाहिन्छ', उनले भने, 'ठूलो लगानी परेको रङ्गशालाबाट राज्यले पनि लाभ लिनुपर्‍यो, खेल गतिविधि बढ्दा यहाँको आर्थिक गतिविधि पनि चलायमन हुन्छ।'

सदस्यसचिव गुरुङले खेल क्षेत्रमा अझै सङ्घीयता आउन नसक्नुको मार पोखरा रङ्गशालाले पनि खेपिरहेको बताए। सङ्घ सरकार मातहत रहेको रङ्गशाला व्यवस्थापन र सञ्चालनमासमेत प्रदेशसँग सहकार्य हुन नसकेको उनले बताए।

'रङ्गशालाको व्यवस्थापन र प्रयोगमा केन्द्र सरकार उदार हुनसकेको छैन, त्यसले गर्दा प्रदेश सरकारलाई पनि हामीले किन लगानी गर्ने ? भन्ने भान परिरहेको छ', सदस्यसचिव गुरुङले भने, 'अब त्यसरी नसोची सबै मिलेर रङ्गशालाको विकासमा काम गर्नुपर्छ।' साँझ र रात्रिपख प्रतियोगिता राख्न सकिएमा जागिरे र कामकाजी मानिसले समेत खेलबाट फाइदा लिन सक्ने उनको भनाइ छ।

प्रतियोगितामात्रै नभएर रात्रिकालीन खेलाभ्यासका लागि पनि रङ्गशालामा 'फ्लड लाइट' अत्यावश्यक रहेको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिनानाथ बरालले बताए। पटक-पटक यो विषय उठ्ने गरे पनि राज्यका खेलसम्बद्ध निकायले बेवास्ता गर्ने गरेको उनको भनाइ छ।

'सवा अर्बभन्दा बढीको लागतमा बनेको अन्तर्राष्ट्रिय मापदण्डको रङ्गशालामा फ्लड लाइट नहुनु दुर्भाग्य हो', अध्यक्ष बरालले भने, 'दुई वर्षअघि नै बत्ती जडानका लागि काम थाल्ने भनिए पनि त्यसले अझै सार्थकता पाउन सकेको छैन।' नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअघि नै बत्ती जडान गर्ने राखेपको प्रतिबद्धता पनि पूरा हुन सकेन।

गत असोजमा गण्डकी प्रदेशमा भएको उक्त प्रतियोगिताअन्तर्गत फुटबललगायत मुख्य खेल पोखरा रङ्गशालामा भएका थिए। रु एक अर्ब २८ करोडको लगानीमा तीन वर्षअघि रङ्गशाला निर्माण गरिएको थियो।

हाल १६ हजार पाँच सय दर्शक क्षमता रहेकामा त्यसलाई बढाएर २० हजार पुर्‍याउने सरकारको योजना छ। मोफसलको प्रतिष्ठित फुटबल प्रतियोगिता आहा ! रारा पोखरा गोल्डकपलगायत प्रतियोगिता पोखरा रङ्गशालामै हुँदै आएका छन्।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १०३५०० | प्रति तोला – १०३००० | प्रति तोला – १३६५ |

# आर्थिक वृद्धिदर पाँच वर्षमा दोहोरो अंक नजिक पुऱ्याउँछु : प्रधानमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं** – प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पाँच वर्षभित्र देशको आर्थिक वृद्धिदर दुई अंकको नजिक मा पुऱ्याउने प्रतिबद्धता जनाएका छन् ।

मंगलबार बसेको प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै उनले लक्ष्यअनुसार राजश्व नउठ्दा आर्थिक अवस्था कमजोर रहे पनि पाँच वर्षभित्र आर्थिक वृद्धिदर दोहोरो अंकको नजिक पुऱ्याउने बताएका छन् ।

यसमा सबैको सहयोग आवश्यक रहेको उनको भनाइ छ । वैदेशिक लगानी भित्र्याउने र पूर्वाधार विकासमा जोड दिने जानकारी दिएका प्रचण्डले स्वदेशी उत्पादनलाई निर्यातमा जोड दिने बताए ।

रोजगारी हुने क्षेत्रमा सरकारको लगानी हुने बताएइका उनको लगानीमैत्री वातावरण निर्माणमा गरिने बताए । मलको अभाव हुन नदिने र मल कारखाना खोलिने पनि प्रधानमन्त्री प्रचण्डले बताए ।

# 'पेट्रोल पम्पलाई 'रिफ्रेस्मेन्ट सेन्टर' बनाउनुपर्छ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मसासिनीले पेट्रोल पम्पलाई 'रिफ्रेस्मेन्ट सेन्टर'का रूपमा स्थापित गर्न आग्रन गरेका छन् । नेपाल आयल निगम सञ्चालक समितिका अध्यक्ष समेत रहनुभएका मरासिनीले भने, 'विकसित देशमा पेट्रोल पम्प रिफ्रेसमेन्ट सेन्टरका रूपमा रहेको पाइन्छ, नेपालका पेट्रोल पम्पलाई सोही रूपमा विकास गर्न सक्नुपर्छ ।' नेपाल आयल निगमले ५३औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले पेट्रोल पम्पहरूलाई पूर्ण अटोमेटेड र व्यवस्थित बनाएर अन्तर्राष्ट्रियस्तरको सेवा दिन पनि सम्बद्ध व्यवसायीसँग आग्रह गरे ।

आफू समितिमा आएको छोटो समय मात्रै भए पनि बाहिर रहँदा समेत निगमसँग नजिक रहेर काम गरेको बताउँदै अध्यक्ष मरासिनीले निगममा रहँदा आफूले यो क्षेत्रको थप सुधारका लागि पहल गर्ने बताए । सबै गतिविधि पारदर्शी रूपमा गर्दा पनि निगममाथि प्रश्न उठ्ने गरेको भन्दै उनले यसप्रति सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीले विशेष ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा कार्यकारी निर्देशक उमेशप्रसाद थानीले निगमले हाल पाइपलाइनबाट डिजेल मात्रै आइरहेकोमा पेट्रोललाई पनि पाइपलाइनबाटै ल्याउने प्रक्रिया अघि बढेको बताए । साथै पोखरालगायत देशका विभिन्न डिपोहरूमा निर्माणधीन भर्टिकल ट्याङ्कहरूको निर्माण अन्तिम चरणमा पुगेको र इन्टरप्राइजेज रिसोर्स प्लान (ईआरपी) सिस्टम पूर्ण कार्यान्वयनमा ल्याइएको जानकारी दिए ।

नायब कार्यकारी निर्देशक नागेन्द्र साहले निगमले एक वर्षमा करिब रू ५० अर्बको नोक्सानी व्यहोरेको भन्दै पछिल्लो समय मूल्य घट्दा केही राहत भए पनि अझै पनि भारतीय आयल कर्पोरेसनलाई रू ११ अर्ब तिर्न बाँकी रहेको र नेपाल सरकारको सात अर्ब ऋण अझै तिर्न बाँकी रहेको जानकारी दिए ।

नेपाल पेट्रोलियम डिलर्स एशोसिएशनका अध्यक्ष लिलेन्द्र प्रधानले राज्यले पेट्रोलियम पदार्थको मूल्यमा राजनीति गर्न नहुने बताए । 'पेट्रोलियम पदार्थ राजनीतिक वस्तु हो कि आर्थिक वस्तु हो भनेर राज्यले छुट्याउनुपर्छ । राजनीतिक वस्तुको रूपमा प्रयोग गर्ने हो भने अनुदान दिनुपर्छ, आर्थिक वस्तुको रूपमा मान्ने हो भने यसमा राजनीतिकरण गर्नुहुन्न', उनले भने ।

पेट्रोलियम ढुवानी राष्ट्रिय महासङ्घका महासचिव विश्व अर्यालले पनि पेट्रोलियम पदार्थको मूल्यलाई राजनीतिक लाभहानीको विषयको रूपमा हेर्न नहुने बताए । उनले डिजेलको मूल्यवृद्धिको असर बहुआयामिक हुने भन्दै कम्तीमा यसलाई सरकारले कर उठाउने माध्यमको रूपमा प्रयोग नहुनेमा जोड दिए ।

त्यस्तै, नेपाल एलपी ग्यास उद्योग महासङ्घका अध्यक्ष कुशकुमार मल्लीले एलपी ग्यासको मूल्यजस्तै उद्योगि तथा ढुवानीकर्ताको कमिसनलाई समेत स्वचालित बनाउनुपर्ने बताए । निगमले सहमति गर्ने तर कार्यान्वयन नगर्ने गरेको उनको गुनासो थियो । उनले भारतबाट आइरहेको एलपी ग्यासको गुणस्तरमा प्रश्न उठाउँदै यसलाई नियन्त्रण गर्न समेत आग्रह गरे ।

## कर्पोरेट

### लुम्बिनी विकास बैंकको १५औं वार्षिक साधारणसभा




**काठमाडौं (प्रस)–** लुम्बिनी विकास बैंक लिमिटेको १५ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले आ. ब. २०७८/७९ को बार्षिक प्रतिबेदन पारित गरी आ. ब. २०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति लगायतका प्रस्तावहरू संगै सेयरधनी महानुभावहरूलाई ९.०० प्रतिशत नगद लाभांश र ३.०० प्रतिशत बोनस सेयर सहित कुल १२.०० प्रतिशत लाभांश बितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

बैंकका सञ्चालक समितिका अध्यक्ष प्रविण कृष्ण श्रेष्ठको अध्यक्षतामा सम्पन्न १५ औं वार्षिक साधारणसभामा आ.ब. २०७८/७९ को बार्षिक प्रतिवेदन उपर प्रत्यक्ष सहभागी भएका सेयरधनीहरूले राखेका जिज्ञासाहरूको अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत नरेश सिंह बोहराले स्पष्ट पारेका थिए ।

साथै, १५ औं वार्षिक साधारणसभाले नयाँ सञ्चालक समितीको निर्बिरोध चयन गरेको छ । जसमा, संस्थापक सेयरधनीहरूको तर्फबाट चिन्तामणी भट्टराई, रामचन्द्र सिग्देल र प्रविण कृष्ण श्रेष्ठ साथै सर्वसाधारण सेयरधनीहरूको तर्फबाट गणेश राज रेग्मी, अर्जुन थापा र केशव खतिवडा निर्बिरोध निर्वाचित भए ।

देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको बिभिन्न स्थानहरूमा गरी जम्मा ८८ वटा शाखा कार्यालयहरू र १ वटा एक्सटेन्सन काउण्टर स्थापना भएको छ । यस लुम्बिनी विकास बैंक लिमिटेडले निरन्तर सहयात्रा भन्ने नाराका साथ उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरू सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । ग्राहकहरूलाई अधिकतम प्रतिफल दिने उद्देश्यले बैंकले मुद्दती खातामा मासिक रूपमा ब्याज प्रदान गर्ने र मल्टिपल धमाका खातामा आफ्नो लगानीलाई दुई गुणा देखि दश गुणासम्म गर्न मिल्ने समेत बिशेष योजना कार्यान्वयनमा ल्याएको छ ।

### चौथो जेम एण्ड ज्वेलरी एक्स्पो शुक्रबारदेखि

**काठमाडौं (प्रस)–** नेपाल रत्न तथा आभुषण संघले होटल याक एण्ड यति दरबारमार्ग काठमाडौमा चौथो जेम एण्ड ज्वेलरी एक्स्पो गर्ने भएको छ । पुस २९ देखि माघ १ गतेसम्म हुने एक्स्पोको अघिल्लो दिन अर्थात मंसिर २८ गते, विहिबार ज्वेलरी फेशन शो आयोजना गरिने संघले जानकारी दिएको छ । मंगलवार आयोजित पत्रकार सम्मेलनमा संघकी अध्यक्ष ज्योत्सना श्रेष्ठले टकिङ्ग नेपलिज ज्वेलरी ग्लोबली भन्ने मुख्य लक्ष्यका साथ कार्यक्रमको आयोजना गर्न लागेको र नेपालको गरगहना विदेशमा निर्यात गरी नेपाली अर्थतन्त्रमा सघाउ पुऱ्याउन एक्सपोको आयोजना गर्न लागेको जानकारी दिइन् ।

ज्वेलरी फेशन शोमा बलिउडकी चर्चित अभिनेत्री तथा मोडल मल्लैका अरोराले नेपाली पोशाक र गरगहनाका साथ ऱ्याम्पमा उत्रिने संघले जनाएको छ । होटल याक एन्ड यतिमा विहिवार साँझ ६ बजे बलिउड अभिनेत्री अरोराले मोडलिङ्ग गर्न लागेका हुन् । निःशुल्क रूपमा प्रवेश पाइने जेम एण्ड ज्वेलरी एक्स्पोको उद्घाटन भने शुक्रवार होटल याक एन्ड यतिमा १२: ३० मा हुने तय भएको छ । एक्स्पो बिहान १० देखि सांझ ७ बजे सम्म चालु रहने छ ।

आयोजक समितिका द्वितीय उपाध्यक्ष तथा एक्स्पो संयोजनक शक्ति कुमार बेगानले भने, 'ज्वेलरी फेशन शोमा विख्यात भारतीय सिने अभिनेतृ एवं सञ्चारकर्मी मलैका अरोरा नेपाली पोशाक र आभुषणमा ऱ्याम्पमा प्रस्तुत हुँदा आर. वी. डाइमण्ड ज्वेलर्स प्रा.लि., गणपति ज्वेलर्स नेपाल प्रा.लि., सयपत्री (मेरिगोल्ड) ज्वेलर्स, क्वीन्स ज्वेल्स् प्रा.लि., धनश्री ज्वेलर्स, डि.सी. डाइमण्ड प्रा. लि. आदि विभिन्न प्रमुख ज्वेलर्स कम्पनीहरूले फेशन शो गर्नेछन् ।'




उक्तअवसरमा संघका निवर्तमान अध्यक्ष मनिषलाल प्रधानले चालु पुँजी कर्जा संशोधनले तात्विक असर नगरेको र कर्जा व्याजदर एकलविन्दुमा झारेमा मात्र गरगहनाको लागतमा कम पर्न गइ मुल्य घट्न जाने बताए । टाइटल स्पोन्सरको रुश्रपमा रहेको न्युड (द नेपाल डिस्टिलरी)का सुदिक्षा अधिकारीले नेपाली उत्पादन विश्वमा चिनाउन लागिएकोले आफूहरूले सहभागिता जनाएको बताए । अर्का स्पोन्सर एइसीसीका शैलेष झाले नेपाली सीप र कलाकौशललाई विश्व बजारमा पुऱ्याउन एक्स्पोको आयोजना गरिएको बताए ।

### प्रभु र सेञ्चुरी बैंकको एकीकृत कारोबार सुरू

**काठमाडौं (प्रस)–** प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरी आजदेखि प्रभु बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सुरु गरेको छ । एकीकृत कारोबारपछि प्रभु बैंकको कूल सम्पत्ति रु तीन खर्ब ४० अर्ब, चुक्ता पूँजी रु २२ अर्ब, कूल निक्षेप रु दुई खर्ब ८४ अर्ब र कूल कर्जा प्रवाह रु दुई खर्ब ५३ अर्ब पुगेको छ । त्यस्तै, ग्राहक सफ्या ३० लाखभन्दा बढी, शाखा सञ्जाल तीन सय ६५, एटिएम सञ्जाल तीन सय नौ र एक्सटेन्सन काउन्टर ७२ वटा पुगेको बैंकले जनाएको छ । एकीकृत कारोबार सुरु भएसँगै साविक सेञ्चुरी कमर्सियल बैंकमा खाता रहेका ग्राहकको १२ अङ्कको खाता नम्बर परिवर्तन भई १६ अङ्कको खाता नम्बर बनेको पनि प्रभु बैंकले जनाएको छ ।

नियामक निकाय नेपाल राष्ट्र बैंकले लिएको नीतिअनुसार पछिल्लो समय बैंक तथा वित्तीय संस्था एकापसमा गाभ्ने/गाभिने र प्राप्ति प्रक्रियामा गइरहेका छन् । चालु आर्थिक वर्षको पुस महिनामा मात्र आठवटा वाणिज्य बैंक एक आपसमा मर्जर तथा प्राप्ति प्रक्रियामा गएर चारवटा कायम भएका छन् ।

# सेयर बजारमा 'करेक्सन'

## २१ अंकले परिसूचक घट्दा साढे ७ अर्बभन्दा बढीको कारोबार

**काठमाडौं (प्रस)–** सेयर बजारमा तीव्र उतारचढावबीच बजार परिसूचक नेप्से ०.९६ प्रतिशतले गिरावट भएर बन्द भएको छ । साताको तेस्रो कारोबार दिन मंगलबार बजार परिसूचक नेप्से ९९.४२ अंकको उतारचढाव हुँदा कारोबार रकम पनि बढेर साढे ७ अर्ब नाघेको छ ।

मंगलबार बजार परिसूचक नेप्से २१.३४ अंकले घटेर २१९०.४२ अंकमा बन्द हुँदा 'इन्ट्रा-डे' कारोबारमा नेप्से २२७७.६१ को उच्च बिन्दु २१७८.१९ अंकसम्म झरेको थियो । बजारलाई लिड गर्ने बैंकिङ उपसूचकमा वृद्धिका बाबजुत अधिकाम्स उपसूचकमा गिरावट हुँदा नेप्सेमा पनि गिरावट भएको छ ।

बैंकिङ उपसूचक ०.६० प्रतिशतले वृद्धि हुँदा वित्त कम्पनी उपसूचक ४.३१ प्रतिशत र होटल तथा पर्यटन उपसूचक ३.४१ प्रतिशतले गिरावट भएको छ । आइतबार कुल १ लाख ९ हजार ९६७ वटा कारोबारमा २ करोड ८ लाख ४३ हजार ९५२ कित्ता सेयर किनबेच हुँदा ७ अर्ब ६५ करोड ८८ लाख २४ हजारको कारोबार भएको छ । जसमध्ये डुयादी ग्रुप पावरको २१ करोड २१ लाख १ हजारको कारोबार भएको छ । त्यस्तै अपी पावरको २० करोड ६७ लाख ९ हजार र रिडी पावरको १८ करोड १५ लाख ३३ हजारको कारोबार भएको छ ।

मंगलबार नेप्सेमा कुल २०९ कम्पनीको सेयर कारोबार भएकोमा १५१ कम्पनीको सेयरमूल्यमा गिरावट भएको छ । त्यस्तै ५३ कम्पनीको सेयरमूल्य वृद्धि हुँदा ५ कम्पनीको सेयर मूल्य स्थिर छ ।

मंगलबार बाराही हाइड्रोपावरको सेयरमूल्य ९.९९ प्रतिशतले बढेर सकारात्मक सर्किट लेभलमा बन्द हुँदा सिंगटी हाइड्रोपावरको सेयरमूल्य ८.४५ प्रतिशत र वीन नेपाल लघुवित्तको सेयरमूल्य ८.३० प्रतिशतले वृद्धि भएको छ ।

# ठूला उद्योगमा लोड कटौती

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतको विहार राज्यबाट आयात भइरहेको बिजुली रोकिँदा नेपाल विद्युत् प्राधिकरणले ठूला उद्योगमा लोड कटौती गरेको छ । विहारको विद्युत् आपूर्ति प्रणालीमा सोमबार दिउँसोदेखि प्राविधिक समस्या देखिएपछि त्यसको असर नेपालमा पनि देखिएको प्राधिकरणले जनाएको छ । प्रावधिकरणका प्रवक्ता सुरेश भट्टराईका अनुसार बिहारको विद्युत् प्रणालीमा समस्या देखिएपछि रक्सौल-रामनगरबाट बिजुली आपूर्ति रोकिएको हो ।

'विहारको विद्युत् प्रणालीमा प्रावधिक समस्या देखिएपछि रक्सौल-रामनगरबाट नेपालले लिइरहेको करिब तीन हजार मेगावाट घण्टा बराबर बिजुली आपूर्ति रोकिएको छ । जसकारण ठूला उद्योगहरूलाई बिहान र बेलुकाको पिक समयमा लोड कटौती गरेका छौं', प्रवक्ता भट्टराईले भने । प्राधिकरणले ठूला उद्योगलाई पिक समयमा उद्योग नचलाउन भने पनि मझौला र साना उद्योगमा भने विद्युत् आपूर्ति भइरहेको उनको भनाइ छ ।

ठूला उद्योगमा साँझ र बिहानको समय गरेर करिब आठदेखि नौ घण्टा विद्युत् कटौती गर्नुपरेको पनि भट्टराईले जानकारी दिए । 'अहिले ८० देखि एक सय मेगावाटसम्म बिजुली अपुग भएपछि ठूलो उद्योगको पिकआवरको लोड काट्नुपरेको हो । भारतीय पक्षले मर्मतसम्भारका लागि अझै तीन/चार दिन लाग्छ भनेको छ', उनले भने ।

प्राधिकरणका अनुसार अहिले नेपालको कूल विद्युत् माग करिब ३१ हजार एक सय ७७ मेगावाट घण्टा बराबर छ । उक्त माग पूर्ति गर्नका लागि विद्युत् प्राधिकरण तथा उसका सहायक कम्पनीमार्फत करिब ११ हजार मेगावाट घण्टा र निजी क्षेत्रबाट १० हजार चार सय मेगावाट घण्टा बिजुली आपूर्ति भइरहेको छ । त्यस्तै, अहिले नौ हजार दुई सय ७४ मेगावाट घण्टा बिजुली भारतबाट आयात भइरहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

www.prabhubank.com

## समृद्धिको नयाँ आयाम

# अझ सुदृढ, अझै सबल

prabhu bank + CENTURY BANK सेन्चुरी बैंक

प्रभु बैंक लिमिटेडले सेन्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति गरी अझै सुदृढ र सबल बन्न सफल भएका छौं ।



कुल सम्पत्ति **३ खर्ब ४० अर्ब+**

चुक्ता पूँजी **२३ अर्ब+**

कुल ऋण **२ खर्ब ५३ अर्ब+**

ATM सञ्जाल **३०९**

कुल निक्षेप **२ खर्ब ८४ अर्ब+**

शाखा सञ्जाल **३६५**

ग्राहक संख्या **३० लाख+**

एक्स्टेन्सन काउन्टर **७२**

## प्रतिबद्धता

अनगिन्ती सम्भावनाहरूलाई सार्थकता प्रदान गर्दै आजदेखि हामीले फेरि अर्को एउटा सम्भावनाको सहयात्रीलाई आफूमा समाहित गरेका छौं । आजदेखि हामी अझ बृहत् र परिस्कृत स्वरूपमा यहाँहरूको उन्नति, प्रगति, आरोह-अवरोह एवं सफलता र समृद्धिको साक्षी बन्ने प्रण गर्दछौं ।

उज्ज्वल भविष्यका लागि यहाँहरूको आशीर्वादको सदैव अपेक्षा सहित सरल, सबल र प्रविधिमैत्री बैंक बन्नका लागि प्रयासरत रहने प्रतिबद्धता पनि व्यक्त गर्दछौं । हाम्रो सम्भावनाको यात्रामा आजपर्यन्त यहाँहरूबाट प्राप्त सद्भाव, सहृदयता र सत्प्रेरणाका लागि हामी अनुग्रहित छौं ।



**अशोक शेरचन**
प्रमुख कार्यकारी अधिकृत

prabhu bank

**प्रभु बैंक लिमिटेड**
प्रभु भवन, बबरमहल, काठमाडौं

फोन: +977-1-4788500/ 4781587/ 4786057/ 4781608
इमेल: info@prabhubank.com

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ